
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क :१३८ ★ ने. सं. ११४६ अनला गा, दशमी ★ बुधबार ★ २७ जेठ, २०८३ ★ June 10, 2026, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## “पुँजीवादी निर्वाचनमा हुने नहुने सबैखाले तिकडम हुनुमा कुनै आश्चर्य होइन”



भक्तपुर, २६ जेठ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले भदौ २३ र २४ गतेको घटनालाई देशी तथा विदेशीको नियोजित उपद्रोह बताउनुभएको छ । पार्टीको कर्णाली प्रदेश समितिले मङ्गलबार आयोजना गरेको अनलाइन प्रशिक्षण कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेँले त्यो उपद्रोहलाई आन्दोलनको नाम दिइएको उल्लेख गर्नुभयो ।

शिक्षा र स्वास्थ्यमा जनतालाई सहुलियत दिनुपर्थ्यो भन्दै अध्यक्ष बिजुक्छेँले वर्तमान सरकार पनि प्रतिक्रियावादी नै भएको भनाइ राख्नुभयो । पुँजीवादी निर्वाचनमा हुने सबैखाले तिकडम काम हुनुमा कुनै आश्चर्य नभएको भन्दै उहाँले देश एक किसिमले गञ्जागोलको अवस्थामा रहेको विचार राख्नुभयो । उहाँले वर्तमान अर्थमन्त्रीले विगतमा एउटा पार्टीको घोषणापत्र लेखे तर निर्वाचनमा अर्कै पार्टीमा लागेको विश्वासघात थियो भन्नुभयो । उहाँले भन्नुभयो, ‘त्यस्तोले देशलाई पनि धोका दिन बेर छैन । देशको हितमा काम हुने आशा गर्न सकिन्न ।’ चीनबाट सस्तो बिजुलीको गाडी ल्याउन नदिने जालसाजी भइरहेको भन्दै उहाँले विदेशी शक्तिबाट सञ्चालितहरूबाट देशको हित हुँदैन भन्नुभयो ।

परराष्ट्र मन्त्रीले पहिलाको झोला बोक्दिन भन्नुको अर्थ पहिलाको निर्णय मान्दिनँ भनेको हो भन्दै अध्यक्ष बिजुक्छेँले देश कसैको व्यक्तिगत होइन, मनपरि बोल्न पाइँदैन भन्नुभयो । विगतमा आन्दोलनहरू भए, सरकारहरू बने र भत्किए तर नेमकिपा सरकारमा गएन भन्दै उहाँले नेमकिपा पुँजीवादी सरकारमा गए पनि राम्रो काम गर्न सकिन्न भन्ने कुरा निश्चित थियो भन्नुभयो । उहाँले भन्नुभयो, समाजवादी क्रान्ति नभएसम्म राम्रो हुन्न । उहाँले पुराना पार्टीका नेताहरूमा मन्त्री बन्ने मनमा रहेसम्म उनीहरूले केही गर्न नसक्ने बरु जनताको सेवा गर्ने उद्देश्य राख्नुपर्छ भन्नुभयो ।

भारतको मोदी सरकार फासीवादी सरकार हो भन्दै अध्यक्ष बिजुक्छेँले भारतीय जनता पनि दुःखमा छन्, भारतीय जनता र नेपाली जनताको मत एकै हुनुपर्छ भन्नुभयो । एक प्रश्नको जवाफमा अध्यक्ष बिजुक्छेँले संरा अमेरिकाले विश्वमा युद्धको व्यापार गरिरहेको भन्दै गरिब देशलाई थिचोमिचो गर्ने, सानो देशलाई उठ्न नदिने ट्रम्प पनि नेपोलियन सकिएजस्तै सकिने विचार राख्नुभयो । भेनेजुयला समाजवादी देश होइन, चुनावबाट आएको सरकार हो, लडाइँबाट आएको होइन भन्दै अध्यक्ष बिजुक्छेँले अमेरिकाले भेनेजुयलाको सेना हातमा लिएर राष्ट्रपति मादुरोलाई अपदस्थ गरेको भनाइ राख्नुभयो । उहाँले भन्नुभयो, त्यो सार्वभौम देशमाथि अमेरिकाले गरेको अपराध थियो ।

सजिलैसित केही हुन्छ, सरकारको भरमा केही हुन्छ भन्ने आशा गर्न नसकिने भन्दै अध्यक्ष बिजुक्छेँले नेमकिपा जनताकै भरमा रहने र जनता नै इमानदार हुनुपर्छ भन्नुभयो । उहाँले कार्यकर्ताले जनताको बिचमा काम गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको ‘राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीलाई चिट्ठी’ बरोबर अध्ययन गरेर पार्टीको


बाँकी पृष्ठ ८ मा


## राष्ट्राध्यक्ष सी चिनफिङ उत्तर कोरियाको राजकीय भ्रमण सम्पन्न गरी पेइचिङ फिर्ता



जून ९ तारिखमा दिउँसो चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष सी चिनफिङ उत्तर कोरियाको राजकीय भ्रमण सम्पन्न भएपछि पेइचिङ फर्कनुभएको छ ।

विमानस्थल जाने क्रममा प्योङयोङका विभिन्न क्षेत्रका नरनारीहरूले बाटोका दुवैपट्टि उभिएर दुवै देशका राष्ट्रिय झण्डा र ताजा फूल हल्लाएर राष्ट्राध्यक्ष सीलाई बिदाइ गरेका छन् ।

उहाँको सम्मानमा उत्तर कोरियाली श्रमिक पार्टीका महासचिव एवम् राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उन तथा श्रीमती री सुलले विमानस्थलमा राष्ट्राध्यक्ष सी चिनफिङ तथा श्रीमती फङ ली युआनका लागि भव्य बिदाई समारोहको आयोजना गर्नुभएको छ ।

जुन ९ तारिखमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् राष्ट्राध्यक्ष सी चिनफिङ तथा श्रीमती फङ ली युआन प्योङयोङ कुम्सुसान अतिथि भवनमा उत्तर कोरियाली श्रमिक पार्टीका महासचिव एवम् राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उन तथा श्रीमती री सुल ज्यूद्वारा आयोजित सानो परिधिको दिवा भोजमा सहभागी हुनुभएको छ ।

सो अवसरमा दुवै पार्टी र दुवै देशका सर्वोच्च नेतागणले चीन उत्तर कोरियाको परम्परागत मित्रतालाई सुदृढ पार्न र बिँडो थाम्नका लागि गहन रूपमा वैचारिक आदान प्रदान गर्नुभएको छ ।

महासचिव किम जोङ उनसँगसँगै चीन उत्तर कोरिया सम्बन्धलाई अझ विकसित पार्दै दुवै देशको समाजवादी कार्यमा नयाँ सशक्त जीवन्त शक्ति थपिदिँदै जान आफू इच्छुक रहेको राष्ट्राध्यक्ष सीले औँल्याउनुभएको छ ।

किम जोङ उनले यो भ्रमणको दुवै देश सम्बन्ध र यसै क्षेत्रको भावी विकासका लागि ज्यादै महत्त्वपूर्ण अर्थ रहेको बताउनुभयो । यस भ्रमणमा सम्पन्न महत्त्वपूर्ण मतैक्यलाई राम्ररी व्यवहारमा उतारेर उत्तर कोरिया सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउँदै जान उत्तर कोरिया इच्छुक रहेको पनि उहाँले औँल्याउनुभएको छ ।

## युवा पुस्तालाई अगाडि बढाउन पठन संस्कृतिको विकासमा विशेष जोड



भक्तपुर, २६ जेठ । भक्तपुर नगरपालिका वडा नं. ८ को आयोजनामा सञ्चालित एकदिने उद्घोषक (पब्लिक स्पिकिङ) तालिम सम्पन्न भयो ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले राम्रो वक्ता बन्नका लागि सफल र असल व्यक्तिहरूको अध्ययन गर्नुपर्ने तथा निरन्तर अभ्यास अपरिहार्य रहेको बताउनुभयो । उहाँले कुनै पनि व्यक्ति एकैचोटि सफल नहुने उल्लेख गर्दै निरन्तर प्रयास, लगनशीलता र आत्मविश्वासले मात्र सफलता हासिल गर्न सकिने धारणा राख्नुभयो ।

“यो तालिम एउटा दबु मात्र हो । अबको लक्ष्य र गन्तव्य सहभागीहरूले आफैं निर्धारण गर्नुपर्छ,” उहाँले भन्नुभयो ।

उहाँले वक्ता बन्नका लागि अध्ययन, अनुसन्धान र विषयवस्तुको गहिरो जानकारी आवश्यक पर्ने बताउँदै ज्ञान र सीपको संयोजनबाट मात्र प्रभावकारी वक्तृत्वकला विकास हुने उल्लेख गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुरमा भएका राम्रा कामहरूको प्रचार-प्रसार स्थानीय नागरिक र युवाहरूले नै गर्नुपर्ने बताउनुभयो ।

नगरपालिकाले शिक्षाको विकासका लागि कलेज सञ्चालन गरी दक्ष जनशक्ति उत्पादनमा योगदान पुऱ्याएको उल्लेख गर्दै युवा पुस्तालाई अगाडि बढाउन पठन संस्कृतिको विकासमा विशेष जोड दिइएको बताउनुभयो ।

उहाँले पठन संस्कृति विकासको लागि जनज्योति पुस्तकालय सञ्चालनमा ल्याइएको जानकारी दिँदै त्यहाँ आधुनिक ई-लाइब्रेरीको समेत व्यवस्था गरिएको बताउनुभयो । पुस्तकालय र ई-लाइब्रेरीले युवाहरूलाई अध्ययन, अनुसन्धान तथा ज्ञान अभिवृद्धिमा महत्त्वपूर्ण सहयोग पुऱ्याइरहेको उहाँको भनाइ थियो ।

नगर प्रमुख सुनिल प्रजापतिले केवल युवा व्यक्ति प्रधानमन्त्री वा नेतृत्वमा पुगेकै आधारमा सबै काम राम्रो हुन्छ भन्ने नठान्नुपर्ने बताउनुभयो । उहाँले


बाँकी पृष्ठ ८ मा


## बीमाले तोकेको भन्दा औषधिको बजार मूल्यमा ठूलो अन्तर

चितवन, २६ जेठ । ग्यास्टिक हुँदा खाने प्यान्टाप्राजोल औषधि बजारमा प्रतिट्याबलेट आठ रुपैयाँमा पाइन्छ । त्यही औषधि भरतपुर अस्पतालले रु १.१२ मा बिक्री गर्छ सोही औषधि स्वास्थ्य बीमा बोर्डले रु. १.५६ मा बिक्री मूल्य तोकेको छ । सरसरती हेर्दा औषधि उत्पादकबाट उपभोक्तासम्म आइपुग्दाका बिचमा नाफा कति होला !


बाँकी पृष्ठ ८ मा


*व्यङ्ग्यचित्रको कुनो*



# नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि मजदुर, डकर्मी र सिकर्मीहरूसँग राय-सुझाव सङ्कलन




भक्तपुर, २६ जेठ। आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी र उत्पादनमुखी बनाउन भक्तपुर नगरपालिकाले नगरका मजदुर, डकर्मी तथा सिकर्मीहरूसँग मङ्गलबार राय-सुझाव सङ्कलन गर्‍यो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले बजेट निर्माण प्रक्रियामा सबै वर्ग र समुदायको सहभागिता आवश्यक रहेको बताउँदै नगरवासीहरूको सुझावलाई आवश्यकताको आधारमा आगामी बजेट तथा कार्यक्रममा समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले विकास निर्माणको काममा श्रमिकहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै श्रमिक र मजदुरहरूको हित र अधिकार सुनिश्चित गर्न नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताउनुभयो।

कार्यक्रममा सहभागी श्रमिक प्रतिनिधिहरूले कामदारवर्गको समस्या राख्ने अवसर प्रदान गरेकोमा नगरपालिकालाई धन्यवाद दिँदै मजदुरहरूको स्वास्थ्य बीमाका लागि छुट्टै कोष स्थापना गर्नुपर्ने, महेश्वरीघाटको पश्चिमपट्टिको घाट व्यवस्थित गर्नुपर्ने, नगरभित्र धारा जडान गर्दा लाग्ने शुल्क मितव्ययी तथा सर्वसुलभ बनाउनुपर्ने, झिङ्गटी छाउने दक्ष जनशक्तिको अभाव भएकोले नयाँ पुस्तालाई तालिम दिनुपर्ने, घर निर्माणको क्रममा नगरपालिकाले समयमै जाँचपास तथा अनुगमन गर्नुपर्ने, विकास निर्माणको कार्यमा स्थानीय सरकारबाट स्थानीय कालिगढ तथा श्रमिकलाई प्राथमिकता दिनुपर्ने सुझाव दिनुभयो। त्यस्तै नक्सा पाससम्बन्धी मापदण्ड र प्रक्रिया जनतालाई स्पष्ट रूपमा जानकारी गराउनुपर्ने, भनपा वडा नं. १० स्थित कमलपोखरीको पूर्व तथा उत्तरतर्फका बाटाहरू खुला गरी आवागमन सहज बनाउनुपर्ने, महिलाहरूलाई पनि डकर्मी (निर्माणसम्बन्धी) तालिम प्रदान गर्नुपर्ने, सिद्धि स्मृति खेलमैदानलाई स्तरोन्नति गरी राम्रो बनाउनुपर्ने, पेटी निर्माण भएका सडकहरूमा हरियाली प्रवर्द्धनका लागि वृक्षरोपण गर्नुपर्ने आदि सुझाव दिइएको थियो।

उहाँहरूले वर्षायाम सुरु हुनुअघि खोलानाला सफा गरी माटो हटाउनुपर्ने, ख्वप अस्पतालको सेवा विस्तारका लागि उपयुक्त स्थानमा थप जग्गा व्यवस्थापन गर्नुपर्ने, भूकम्पबाट क्षति भएका तथा भग्नावशेष अवस्थामा रहेका घरहरूको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने, ब्यासी-कमलविनायक सडकलाई फराकिलो बनाउनुपर्ने, भक्तपुर नगरपालिका-१० स्थित लान्चाफल्चा क्षेत्रमा सबै घरधुरीमा फोहोर सङ्कलनको व्यवस्था गर्नुपर्ने, लिबाली-थुसाचा करिडोर मार्ग खुलाउनुपर्ने र बाराहीस्थित ताहा फल्चाको पुन:निर्माण तथा संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तर्जुमाको लागि विभिन्न पेसा-व्यवसाय र क्षेत्रसँग निरन्तर छलफल तथा राय सुझाव सङ्कलन गरिरहेको बताउनुभयो।

# महाकाली सिँचाइ आयोजना सिँचाइ क्षेत्र विस्तार गरिँदै

महेन्द्रनगर, २६ जेठ। सुदूरपश्चिमको राष्ट्रिय गौरवको आयोजना महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत यस वर्ष ‘कमाण्ड’ क्षेत्र विस्तार गरी सिँचाइ सुविधा प्रदान गर्ने तयारी रहेको छ।

आगामी चालु आर्थिक वर्षको बजेटमा महाकाली सिँचाइ आयोजना तेस्रो चरणको कमाण्ड क्षेत्र विस्तार गर्ने घोषणासमेत गरिएको छ। महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी यादव बरालले मूल नहर निर्माण भएको २८ किलोमिटरसम्मको भूभागमा सिँचाइ सुविधा प्रदान गर्नेगरी गृहकार्य अघि बढेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “बजेटमा भनेको कमाण्ड क्षेत्र विस्तार भनेको पनि बनेको नहरबाट शाखा नहरमार्फत सिँचाइ सुविधा दिने भन्ने हो। त्यसका लागि २२ शाखा नहर निर्माणको अन्तिम चरणमा छन्।”

नेपाल-भारत महाकाली सन्धिअनुसार महाकाली नदीबाट नेपालतर्फ पानी ल्याउने विषय भने अझै किनारा लागेको छैन। महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत मूल नहर निर्माण सम्पन्न भए तापनि भारतसँग नियमित पानीको प्रोटोकल (एकओपी) वा सम्झौता नहुँदा नहरमा नियमित पानी आउन नसकेको सूचना अधिकारी बरालले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “एसओपी स्वीकृत भएको छैन तर परराष्ट्रमन्त्रीको भारत भ्रमणका बेला पानी ल्याउने विषयमा पहल भएको छ। कुन समयमा कति पानी दिनेलगायतका विषय टुङ्गो लगाउनुपर्ने हुन्छ।”

महाकाली सन्धिअनुसार भारतीय पक्षले पनि टनकपुरदेखि नेपाल-भारत सिमानासम्म बनाउनुपर्ने एक हजार २०० मिटर मूल नहर निर्माण गरिसकेको छ भने नेपालले आफ्नो क्षेत्र ब्रह्मदेवदेखि शुक्लाफाँटाको टोटी फुलेलीसम्म २८ किमी मूल नगर निर्माण गरिसकेको महाकाली सिँचाइ आयोजना तेस्रो चरणका सूचना अधिकारी इन्जिनियर बरालले जानकारी दिनुभयो। चालु आर्थिक वर्षमा पुँजीगततर्फ रु. ७० करोड खर्च भएको उहाँले बताउनुभयो।

महाकाली नदीबाट भारतले परीक्षणका लागि पानी मूल नहरमा छाडे पनि नियमित छाडेको छैन। सिँचाइ आयोजनाले तीनपटक जलस्रोत तथा सिँचाइ विभागमा पानी ल्याउने विषयमा भारतसित समन्वय गर्न पत्राचार गरिसकेको छ।

कैलालीको मालाखेतीसम्म ३३ हजार ५२० हेक्टर जग्गा सिँचाइ गर्ने लक्ष्यसहित १८ वर्षअघि सुरु भएको महाकाली सिँचाइ आयोजनाको प्रगति भइरहेको भए पनि पानी ल्याउन ठोस पहल भएको छैन।

“अहिले मूल नहरअन्तर्गत २८ देखि ४८ किलोमिटरसम्म मूल नहर चारवटा प्याकेजमा निर्माण भइरहेको छ,” बरालले भन्नुभयो। आगामी २०८७ सम्ममा कैलालीको मालाखेतीसम्म नहर निर्माण सक्ने सरकारको लक्ष्य छ। साथै आयोजनामा रु. नौ अर्ब लगानी भइसकेको छ।

महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट कञ्चनपुरका केही भूभागमा सिँचाइ सुविधा दिइएको छ। राजमार्गको उत्तरतर्फको भागमा पर्ने सिँचाइका लागि सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय पालिकाले ट्युबेल, बोरिङ जडानलाई प्राथमिकता लिएर सिँचाइ सुविधामा सघाउ पुर्‍याइरहेका छन्। ***रासस***

# यस्ता छन् औद्योगिक क्षेत्रका भाडा नतिर्ने उद्योगहरू

काठमाडौँ, २६ जेठ। विगत लामो समयदेखि औद्योगिक क्षेत्रको करोडौँ रकम बराबरको सरकारी जग्गा, भवन र पूर्वाधार प्रयोग गरेर भाडा र महशुल नतिर्ने ठुला उद्योगीमाथि सरकारले कठोर कदम चालेको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले सात दिनभित्र बक्यौता रकम भुक्तानी नगरे कडा कदम चाल्ने तयारी गर्नुभएको छ।

विगतका सरकारले विभिन्न बहाना बनाउँदै र सेटिङ गर्दै ठुला उद्योगीलाई जोगाउँदै आएकामा वर्तमान उद्योगमन्त्री यादवले ‘भनसुन र मोलाहिजा’ को राजनीति अन्त्य गर्दै कठोर कदम चाल्नुभएको उहाँको सचिवालयले जनाएको छ।

**कुन उद्योगको कति रकम तिर्न बाँकी ?**

औद्योगिक क्षेत्र व्यवस्था लिमिटेडले सोमबार सार्वजनिक सूचनाअनुसार बालाजु औद्योगिक क्षेत्रभित्र सञ्चालित नेपालकै नाम चलेका बहुराष्ट्रिय कम्पनी तथा ठुला व्यापारिक घराना नै सबैभन्दा बढी बक्यौता राख्ने सूचीमा छन्। करोडौँ रूपैयाँ सरकारी बक्यौता नतिर्ने प्रमुख उद्योगको विवरण यसप्रकार रहेको छ।

१. गुराँस इन्जिनियर्स प्राइभेट लिमिटेड रु. तीन करोड ७३ लाख १९ हजार

२. कन्टिनेन्टल कम्पोनेन्ट एण्ड सर्भिसेज प्रालिको रु. तीन करोड ६९ लाख १० हजार

३. बालाजु स्कुल अफ इन्जिनियरिङ एण्ड टेकको रु. दुई करोड ५५ लाख ८६ हजार

४. बोटलर्स नेपाल लिमिटेड (कोकाकोला) जग्गा तथा पूर्वाधार बहाल रु. एक करोड ७५ लाख

५. बालाजु अटो वर्क्स प्रालिको रु. एक करोड ४५ लाख

६. नेपाल ग्यास उद्योग औद्योगिक जग्गा बहाल रु. एक करोड ३१ लाख

७. कन्टिनेन्ट सर्भिसेज प्राइभेट लिमिटेड रु. करिब एक करोड

**‘मौन संरक्षण’ अन्त्य**

यसअघिका सरकारहरूले औद्योगिक प्रवर्द्धन र आर्थिक मन्दीको बहाना बनाउँदै यी ठुला घरानाहरूलाई करोडौँको छुट दिने वा ताकेता नगर्ने नीति अख्तियार गरेको बुझिएको छ। तर, नयाँ उद्योगमन्त्री यादवले राज्यको कोषमा आउनुपर्ने राजस्व र भाडामा कुनै पनि हालतमा सम्झौता नगर्ने स्पष्ट अडान लिनुभएको छ। मन्त्री यादव भन्नुहुन्छ, “योपटक विगतको जस्तो पत्र काटेर मात्र छोडिने छैन। सात दिनको समयभित्र बैङ्क भौचरसहित उपस्थित नहुने उद्योगहरूको लाइन काटिनेछ, उद्योग परिसर सिल गरिनेछ र अटेर गरे सञ्चालकहरूविरुद्ध सिधै वारेन्ट जारी गरी राज्यको सम्पत्ति असुली प्रक्रिया अघि बढाइनेछ।”

उद्योगहरूले नियमति रूपमा जग्गा बहाल, भवन बहाल, विद्युत् महशुल र पानी महशुल नबुझाउँदा औद्योगिक क्षेत्रभित्र नयाँ पूर्वाधार निर्माण गर्न, पुराना संरचना मर्मतसम्भार गर्न र साना उद्योगलाई समेत सेवा दिन गम्भीर आर्थिक सङ्कट परेको कुरा जारी सूचनामा उल्लेख छ। ***रासस***

# ‘होमस्टे’ ले बदलिँदै थारू महिलाको जीवनशैली

मध्यविन्दु (नवलपरासी), २६ जेठ। नवलपरासी (बर्दघाट सुस्तापूर्व) को देवचुली नगरपालिका-१७ पिप्रहरमा सञ्चालित सामुदायिक होमस्टे (घरबास) अहिले केवल पर्यटक बस्ने ठाउँमात्र बनेको छैन, यसले स्थानीय थारू महिलाको जीवनशैली, आत्मविश्वास र आर्थिक अवस्था नै परिवर्तन गर्न थालेको छ।

केही वर्षअघिसम्म घरधन्दा, बालबालिका हेरचाह र खेतीपातीमै सीमित रहने यहाँका महिला अहिले पाहुनाको स्वागतदेखि व्यवस्थापन र सांस्कृतिक कार्यक्रम सञ्चालनसम्ममा अग्रसर देखिन्छन्। नयाँ मानिससँग बोल्न हिच्किचाउने महिला अहिले निर्धक्कसँग आफ्नो गाउँ, संस्कृति र जीवनशैलीबारे जानकारी गराउन सक्ने भएका छन्।

पिप्रहर सामुदायिक होमस्टेमा पछिल्ला वर्षमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ। स्थानीय थारू संस्कृति, परम्परागत खानपान, प्राकृतिक वातावरण र ग्रामीण जीवन नजिकबाट अनुभव गर्न चाहने पर्यटक यहाँ पुग्ने गरेका छन्।

होमस्टे सञ्चालनको अधिकांश जिम्मेवारी महिलाकै काँधमा छ। पाहुनालाई स्वागत गर्ने, परिकार तयार गर्ने, सांस्कृतिक नृत्य प्रस्तुत गर्ने र सरसफाइ व्यवस्थापनजस्ता काम महिलाले नै सम्हालिरहेका छन्। त्यस्ता कार्यमा पुरुषले सहयोग भए पनि नेतृत्व तहमा भने महिलाकै सक्रियता पाइन्छ।

स्थानीय चन्द्रामाया महतो होमस्टे सुरु भएपछि आफ्नो जीवनमा ठुलो परिवर्तन आएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “पहिले खेतीपातीको आम्दानीमै भर पर्नुपर्थ्यो। खर्च धान्न गाह्रो हुन्थ्यो। अहिले होमस्टेमा पाहुना आउँछन्, सेवा गरेबापत आम्दानी हुन्छ। घरखर्च चलाउन सहज भएको छ।”

होमस्टेले महिलालाई आर्थिक रूपमा मात्र होइन सामाजिक रूपमा पनि सशक्त बनाएको स्थानीयको भनाइ छ। परिवार र समाजबाट प्रोत्साहन पाएपछि महिला नेतृत्व तहमा पुग्न सक्षम भएको अनुभव उनीहरूले सुनाउँछन्।

पिप्रहरमा आउने पर्यटकका लागि स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्य मुख्य आकर्षण बनेको पिप्रहर सामुदायिक होस्टेका अध्यक्ष सोमनाथ महतोले बताउनुभयो। उहाँले भन्नुभयो, “यहाँ आउने पाहुनाले गाउँको मौलिक संस्कृति र घरमै बसेजस्तो अनुभव पाउँछन्। नारायणी नदी आसपासको मध्यवर्ती क्षेत्रमा जिप सफारीमार्फत गैँडा, हरिण, मृग, बँदेल, गोही र विभिन्न चराचुरुङ्गी अवलोकन गर्न सकिन्छ।”

उहाँका अनुसार जङ्गली जनावरका कारण स्थानीयले भोग्ने समस्या पनि अहिले पर्यटकीय आकर्षणमा बदलिन थालेको छ। गाउँबस्ती नजिक आउने वन्यजन्तु अवलोकन गर्न पर्यटक उत्साहित हुने गरेका छन्। होमस्टेले महिलाको आत्मनिर्भरता र क्षमता विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याएको देवचुली नगरपालिका प्रमुख हरिप्रसाद न्यौपानेले बताउनुभयो।

# काठमाडौँ सडक सहयोगापेक्षी मानवमुक्त घोषणा

काठमाडौँ, २६ जेठ। काठमाडौँ महानगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रलाई सडक सहयोगापेक्षी मानवमुक्त घोषणा गरेको छ।

सोमबार आयोजित एक कार्यक्रममा कार्यवाहक प्रमुख सुनिता डङ्गोलले ‘जो बेसहारा, काठमाडौँ महानगरपालिकाको अभिभारा’ नारासहित सहयोगापेक्षी मानवमुक्त सहर घोषणा गर्नुभयो।

उहाँले अभियानको सफल कार्यान्वयनका लागि नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय र मानव सेवा आश्रमसँग सम्झौता गर्नुभएको छ।

आगामी दिनमा सडक वा सार्वजनिकस्थलमा भेटिन सक्ने सहयोगापेक्षीको व्यवस्थापनका लागि सम्पर्क, सम्बन्ध, सहयोग र समन्वय तथा एकीकृत प्रणालीबाट सञ्चालन गर्ने उद्देश्यका साथ गरिएको सम्झौतामा महानगरका तर्फबाट कार्यवाहक प्रमुख डङ्गोल, नेपाल प्रहरीका तर्फबाट प्रहरी महानिरीक्षक दानबहादुर कार्की, जिल्ला प्रशासन कार्यालयका तर्फबाट प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र मानव सेवा आश्रमका तर्फबाट अध्यक्ष रामजी अधिकारीले हस्ताक्षर गर्नुभयो।

सम्झौतापछि आफ्नो धारणा राख्दै कार्यवाहक प्रमुख डङ्गोलले काठमाडौँलाई सांस्कृतिक सहरका साथै मानवतामा आधारित सहरको पहिचान स्थापित गराउन सडक सहयोगापेक्षी मानवमुक्त काठमाडौँ घोषणा गरिएको बताउनुभयो।

कार्यक्रममा पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले मानवता प्रवर्द्धनमा अब कमजोरी गर्न नहुने बताउनुभयो। यस कार्यमा सबै जिम्मेवार हुनुपर्नेमा उहाँको जोड थियो। महानगरपालिकाले विसं २०७४ देखि मानव सेवा आश्रमसँगको सहकार्यमा औसतमा वार्षिक करिब रु. दुई करोड खर्च गरिरहेको छ।

कार्यक्रममा मानवसेवा आश्रम र आनी छोइङ डोल्मा फाउन्डेसनले सञ्चालन गरेको मेची महाकाली अभियानको पनि समापनको घोषणा गरिएको छ। यस अवधिमा एक सय ९७ जना सहयोगापेक्षीको उद्धार र व्यवस्थापन गरिएको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो।

फाउन्डेसनका अध्यक्ष आनी छोइङ डोल्माले मानवता प्रवर्द्धनका लागि महत्त्वपूर्ण सम्झौता भएको भन्दै उक्त दिनलाई आफूले पवित्र दिनका रूपमा सम्झने उल्लेख गर्नुभयो।

समारोहमा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, संस्कृतिविद् तथा आश्रमका संरक्षक डा. गोविन्द टण्डनलगायत वक्ताले आफ्नो धारणा राख्नुभएको थियो।

सम्झौताका पक्षहरू र अन्य सम्बद्ध निकाय तथा पदाधिकारीहरूको नियमित बैठक, सम्झौताको प्रभावकारी कार्यान्वयन योजना, कार्यक्रम तथा स्रोतसाधनको प्रबन्ध मिलाउन एक समन्वय समिति रहने जनाइएको छ।

## सङ्क्षिप्त समाचार

# नियमित कार्यसूचीमा प्रवेश नगरी प्रतिनिधिसभा बैठक स्थगित

काठमाडौँ, २६ जेठ । प्रमुख प्रतिपक्षी दललगायतका विपक्षी दलहरूको विरोधका कारण प्रतिनिधिसभाको मङ्गलबारको बैठक नियमित कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भएको छ ।

बैठकमा विपक्षी दलहरूले नेपाल-भारत सीमाका सम्बन्धमा प्रधानमन्त्रीले दिनुभएको धारणाको सम्बन्धमा जवाफ माग गर्दै अवरोध गरेका थिए । सभामुख डोलप्रसाद अर्यालले पटक-पटक आसनग्रहण गरी बैठक सञ्चालनमा सहजीकरण गर्न विपक्षी दललाई आग्रह गर्नुभयो । सभामुखको सो आग्रहलाई विपक्षी दलहरूले अस्वीकार गर्दै विरोध जारी राखे ।

त्यसपछि सभामुख अर्यालले बैठक बुधबार बिहान ११:०० बजे बस्नेगरी स्थगित भएको जानकारी गराउनुभयो । मङ्गलबारको बैठकमा सभामुख अर्यालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुहुने कार्यसूची थियो ।

त्यस्तै, सभामुख अर्यालले कार्यव्यवस्था परामर्श समितिमा सदस्यहरूको नाम मनोनयन गरेको व्यहोरा जानकारी गराउनुका साथै 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८२' राष्ट्रियसभाबाट अवधिभित्र फिर्ता नभएको जानकारी गराउनुहुने कार्यक्रम थियो ।

यस्तै, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वक्तव्यसहित आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने कार्यसूची थियो । ***रासस***

# सुदूरपश्चिममा रेबिजविरुद्धको खोप अभाव

महेन्द्रनगर (कञ्चनपुर), २६ जेठ । सुदूरपश्चिमका सरकारी अस्पताल तथा स्वास्थ्य संस्थामा रेबिजविरुद्धको खोपको अभाव भएको छ । कुकुर, स्याल तथा अन्य जनावरको टोकाइपछि तत्काल लगाउनुपर्ने खोप सरकारी अस्पताल र स्वास्थ्य संस्थामा अभाव भएको दुई साता बितिसकेको छ ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले सुदूरपश्चिममा नि:शुल्क रूपमा सेवाग्राहीले उपलब्ध हुनुपर्ने खोप अभाव रहेको बताउनुभयो । तर, उहाँले निजी स्वास्थ्य संस्थामा भने खोपको बिक्रीवितरण भइरहेको बताउनुभयो ।

त्यसैगरी, प्रदेश सामाजिक विकास मन्त्रालयले यहाँका स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र स्थानीय तहलाई पत्राचार गर्दै खोप व्यवस्थापन गर्न आग्रह गरेको छ । स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाबाट नि:शुल्क वितरण गरिने उक्त खोप आपूर्ति हुन नसकेको र अझै केही समय लाग्ने पत्रमा उल्लेख छ ।

त्यस्तै, गत जेठ १६ गते स्वास्थ्य सेवा विभागले खोप व्यवस्थापन गर्न प्रदेश सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय र स्थानीय तहलाई आग्रह गरको छ । ***रासस***

# एकैदिन २१ लाख ९२ हजार ५०० राजस्व दाखिला

काठमाडौँ, २६ जेठ । ट्राफिक प्रहरीद्वारा पछिल्लो २४ घण्टामा दुई हजार ३९२ जना सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु. २१ लाख ९२ हजार ५०० राजस्व दाखिला भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेका ९२, नियमविपरीत 'राइड सेयरिङ' गरेका १७१, सङ्केत बत्ती उल्लङ्घनकर्ता १५१ र तीव्रगतिमा सवारीसाधन हुइँक्याएका १४५ जनालाई कारबाही गरिएको छ ।

त्यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ५६, निषेधित क्षेत्रमा हर्न बजाउने १४५, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १५१, एकतर्फी सडकमा सवारी चलाउने १५९ र अन्य सवारी नियम पालना नगरेका एक हजार ३९४ गरी कुल दुई हजार ३९२ जनालाई कारबाही गरिएको हो । ***रासस***

# अभिलेख सुरक्षित राख्न निर्देशन

काठमाडौँ, २६ जेठ । बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले कानुनले तोकेअनुसार गुम्बाभित्रका पुरातात्विक महत्त्वका सामग्री तथा सार्वजनिक सम्पत्तिको विवरण सङ्कलन नगरेको महालेखापरीक्षकको ६३ औँ प्रतिवेदनमा उल्लेख छ ।

समिति (गठन) पहिला संशोधन आदेश, २०७५ का दफा ४ मा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत बौद्ध दर्शनको अनुसन्धान, विकास एवं प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने तथा गुम्बाभित्रका पुरातात्विक महत्त्वका सामान र सार्वजनिक सम्पत्तिको विवरण सङ्कलन गरी अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ ।

त्यस्ता सामग्रीको सुरक्षाको आवश्यक व्यवस्था गर्ने जिम्मेवारी पनि समितिकै हो । समितिले बौद्ध दर्शनका अनुसन्धानका कार्यहरू देखिने गरी प्रकाशन तथा प्रसारणको अद्यावधिक अभिलेखसमेत छैन ।

गुम्बाभित्रका पुरातात्विक महत्त्वका मूर्तिलगायतका वस्तुको सुरक्षाका लागि कुनै वैज्ञानिक संयन्त्र निर्माण भएको नदेखिएको महालेखापरीक्षकको कार्यालयको ६३ औँ प्रतिवेदनमा उल्लेख छ । ***रासस***



**हात्तीले भत्काएको घर**

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-३ मा सोमबार राति हात्तीले भत्काएको स्थानीय बन्धुराम डगौराको कच्ची घर । जङ्गली हात्तीले रातिको बेला बस्तीमा छिरेर घर भत्काउन थालेपछि स्थानीय बासिन्दा त्रसित अवस्थामा रहेका छन् भने यस क्षेत्रमा एक साताको अवधिमा स्थानीय बासिन्दाका दुई वटा घर हात्तीले भत्काइसकेको छ । *तस्बिर: राजेन्द्रप्रसाद पनेरु/रासस*

# तनहुँका स्थानीय तहमा मगर भाषा पठनपाठन गरिँदै

डुम्रे (तनहुँ), २६ जेठ । यहाँका १० वटै पालिकामा मगर भाषाको पठनपाठन गरिने भएको छ । मगर भाषा, लिपि, संस्कृति तथा पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण तथा शिक्षक प्रशिक्षण गरिएको छ ।

नेपाल मगर सङ्घ तनहुँका अध्यक्ष हर्कबहादुर थापा मगरले जिल्लाका १० वटै पालिकाको सहभागितामा जिल्लास्तरीय प्राज्ञिक परिषद् गठन गरी मगर भाषाको स्थानीय पाठ्यक्रम तयार गरिएको बताउनुभयो ।

उहाँका अनुसार पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षकलाई प्रशिक्षणसमेत प्रदान गरिसकिएकाले आगामी दिनमा पालिकासँग समन्वय गरेर विद्यालयमा पठनपाठन विस्तार गरिनेछ । अध्यक्ष मगरले भन्नुभयो, "मातृभाषा शिक्षाले समुदायको भाषा, संस्कृति, इतिहास र मौलिक पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । स्थानीय सरकारको सहयोगमा जिल्लाभर अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ ।"

सङ्घका भाषिक उपाध्यक्ष हर्क आलेले भाषा बाँचे मात्र जातिको अस्तित्व रहने भएकाले विद्यालय तहदेखि नै यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभयो । सङ्घका गण्डकी प्रदेश सचिव नन्दु थापा मगरले मातृभाषा शिक्षाका लागि प्रदेशस्तरबाट पनि आवश्यक नीतिगत पैरवी भइरहेको बताउनुभयो ।

मगर भाषा र संस्कृतिका विज्ञ यमबहादुर आलेले भाषिक शुद्धता र मौलिक लिपिको संरक्षणमा विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो ।

व्यास नगरपालिका-१४ स्थित केशवटार माध्यमिक विद्यालयमा दुई वर्षअघि कक्षा १ बाट सुरु गरिएको मगर भाषाको पठनपाठन हाल कक्षा ३ सम्म विस्तार भइसकेको छ । उक्त अभ्यासलाई जिल्लाका अन्य विद्यालयमा विस्तार गर्ने लक्ष्यका साथ पाठ्यक्रम निर्माण र शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको सङ्घले जनाएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार तनहुँमा मगर समुदायको जनसङ्ख्या ८३ हजार ६१३ रहेको छ । ***रासस***

# भीमसेन थापा गाउँपालिकामा सामूहिक बीमा

गोरखा, २६ जेठ । गोरखाको भीमसेन थापा गाउँपालिकाभित्रका सबै घरको सामूहिक बीमा गरिने भएको छ । पालिकाभित्र विसं २०७२ वैशाख १२ को विनाशकारी भूकम्पअघि बनेका पक्की घर तथा भूकम्पपछि पुनर्निर्माणको मापदण्ड पूरा गरेका सबै घरको बीमा गर्न लागिएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो ।

गाउँपालिकाले पालिकाका सबै नागरिकको निजी आवास तथा अन्य सरकारी एवं गैरसरकारी भवनको जोखिम न्यूनीकरणका लागि बीमा गर्ने कार्यक्रम सुरुआत गरिएको उहाँले बताउनुभयो ।

घरको सामूहिक बीमा गर्न गाउँपालिका र राष्ट्रिय बीमा कम्पनी लिमिटेडबिच सोमबार सम्झौतापत्रमा हस्ताक्षर भएको छ । अध्यक्ष बन्जराले भन्नुभयो, "सम्झौतालगत्तै गाउँपालिकाको प्रशासकीय भवनको बीमा गरेर कार्यक्रमको औपचारिक सुरुआत भएको छ । अब पालिकाभित्रका सबै घर र सरकारी तथा गैरसरकारी भवनको बीमा गरिनेछ ।"

सामूहिक बीमा गरेका घरहरूमा कुनै पनि प्राकृतिक विपत्ति, आगलागी तथा अन्य जोखिमका कारण क्षति भएमा बीमामार्फत क्षतिपूर्ति रकम भुक्तानी हुनेछ । घर बीमाका लागि पालिकावासीले वडा कार्यालयमार्फत बीमा सेवा लिनसक्ने व्यवस्था गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिनुभयो ।

पालिका र बीमा कम्पनीबिच भएको सम्झौतामा बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा लिएर निर्माण गरिएका घर, भूकम्पपछि मापदण्डअनुसार पुनर्निर्माण गरिएका घरलाई बीमाको दायरामा समेटिने उहाँले बताउनुभयो ।

तर, बुढीगण्डकी जलविद्युत् आयोजना प्रभावित क्षेत्रका घर तथा खोलानाला, सडक मापदण्डभित्र पर्ने संरचना र पूर्ण रूपमा काठ, टिन र माटोले बनेका घर भने बीमाको मापदण्डभित्र पर्ने उल्लेख छ ।

गाउँपालिकाले प्रतिघर न्यूनतम वार्षिक २५० रुपैयाँ सम्पत्ति कर लिने र सोहीबाट बीमाका रकमको व्यवस्थापन गर्ने योजना बनाएको प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो । "अहिलेसम्म करिब तीन हजार ५०० घरको बीमा हुन्छ भन्ने अनुमान गरिएको छ, बीमापछि प्राकृतिक विपत्तिबाट कुनै घरमा क्षति पुगे अधिकतम रु. चार लाखसम्म क्षतिपूर्ति पाउनेछन्," उहाँले भन्नुभयो ।

उहाँका अनुसार बीमा कम्पनीले घरधनीका नाममा बीमा अभिलेख जारी गर्ने र क्षतिपूर्तिका लागि क्षति पुगेको ३० दिनभित्र बीमा कम्पनीलाई जानकारी गराउनुपर्ने सम्झौता उल्लेख गरिएको छ । ***रासस***

# चैते धानमा 'नेक ब्लास्ट' रोग सङ्क्रमण

नारायणगढ (चितवन), २६ जेठ । चितवनको पूर्वी क्षेत्रमा लगाइएको चैते धानमा घाँटी मरुवा (नेक ब्लास्ट) रोगको सङ्क्रमण देखिएको छ । बाला लाग्ने अवस्थामा ढुसीजन्य रोगले धानको घाँटीमा आक्रमण गरी दाना नलाग्ने र बाला सुक्ने समस्या निम्त्याएको कृषि विकास कार्यालय चितवनले जनाएको छ ।

कार्यालय प्रमुख झलकनाथ कँडेलले जिल्लाको राप्ती, खैरहनी, रत्ननगरलगायत पूर्वी चितवनका अधिकांश क्षेत्रमा रोगको सङ्क्रमण देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस वर्षको असामान्य मौसमका कारण रोग फैलिएको हुनसक्छ । केही दिन परेको वर्षा, रातिको चिसो र दिउँसोको तातोका कारण तापक्रममा उतारचढाव आयो । यस्तो अवस्था ढुसी फैलिन अत्यन्त अनुकूल हुन्छ ।"

कार्यालय प्रमुख कँडेलका अनुसार नेक ब्लास्ट मुख्यत: बीउबाट सर्ने रोग हो । पुराना धानका जातमा



रोग प्रतिरोधात्मक क्षमता क्रमश: कमजोर बन्दै जाने भएकाले सङ्क्रमणको जोखिम बढ्ने उहाँको भनाइ छ । "हर्दिनाथ-१ र चैते-५ किसानमाझ लोकप्रिय जात हुन्, तर यस वर्ष यिनै जातमा रोगको असर बढी देखिएको छ," उहाँले भन्नुभयो ।

चितवनमा हरेक वर्ष सात हजार हेक्टरभन्दा बढी क्षेत्रमा चैते धानखेती हुँदै आएको छ । पछिल्ला वर्षमा हर्दिनाथ-१ मा नेक ब्लास्ट रोग देखिन थालेपछि किसानले विकल्पका रूपमा चैते-५ लगाउन थालेका थिए । यस वर्ष उक्त जातमा समेत रोग देखिएपछि समस्या थपिएको छ ।

रोगका कारण उत्पादनमा कमी आउने जोखिम बढेकाले कृषि प्राविधिकले खेतको नियमित अनुगमन, रोगग्रस्त बाला हटाउन, आवश्यक परामर्श लिएर रोग व्यवस्थापनका उपाय अपनाउन तथा पाकेको धान सकेसम्म छिटो भित्र्याउन किसानलाई आग्रह गरेका छन् । "सङ्क्रमण फैलिन नदिन र पाकेको उत्पादन जोगाउन पाकेको धान ढिलो नगरी थन्क्याउनु उपयुक्त हुन्छ," कार्यालय प्रमुख कँडेलले भन्नुभयो । ***रासस***

। सम्पादकीय ।

# विदेशी पुँजीलाई प्रोत्साहन गर्ने नीति निन्दनीय

देशको खरबौँ नेपाली रकम विदेशी बैङ्कमा रहेको खबर नयाँ होइन । स्थानीय तह प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा खर्च गर्नको लागि विदेशी बैङ्कमा खरबौँ रकम राखिएको समाचार त्यसबेला नै प्रकाशमा आएको थियो । अहिले पनि कति नेताहरूको विदेशी बैङ्कमा अरबौँ रकम रहेको बताइएको छ । उक्त रकम देशमा आवश्यक कलकारखाना तथा उद्योगधन्दा खोल्न लगानी गरेको भए युवाहरूले काम पाउँथे, देशको आयस्रोत बढ्थ्यो । नेपाली रकम नेपाल र नेपालीको प्रयोग गर्दा राष्ट्रिय पुँजीपतिवर्गको विकास हुन्छ । विदेशी दलाल र विदेशी व्यापारीहरूको यहाँ चलखेल हुँदैनथ्यो ।

नेपाल मजदुर किसान पार्टीले विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थाको माग गरेको थियो । सम्पत्तिको सीमाङ्कन गर्नुपर्छ भन्ने माग पनि नेमकिपाको हो । विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था भएको भए त्यो रकम नेपाल र नेपालीहरूको निम्ति लगानी हुन्थ्यो । सम्पत्तिको सीमाङ्कन भए अवैध ढङ्गले अकुत सम्पत्ति कमाउने काममा केही नियन्त्रण हुन्थ्यो । देशको ठुलो धनराशी केही व्यक्ति र कम्पनीको हातमा जानु भनेको देशमा आर्थिक सङ्कटको सङ्केत हो । विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषले नेपाललाई ऋण दिँदै छ । के यो नेपाललाई अर्को श्रीलङ्का बनाउने षड्यन्त्र होइन ? आर्थिक सङ्कट भएमा देशमा विदेशी पुँजीको प्रभाव बढ्नेछ, देशको अर्थतन्त्र विदेशको हातमा जानेछ । यस्तो बेला हाम्रो देशको स्थिति के हुनेछ ? के यसबारे सत्तारुढ दलका नेताहरूले सोच्नुपर्दैन ? विदेशी पुँजीलाई प्रोत्साहन गर्ने तर राष्ट्रिय पुँजीपतिवर्गलाई उत्साहित नगर्ने सरकारी नीतिको निन्दा र विरोध गर्नुपर्छ ।

देशको आफ्नै उद्योगधन्दालाई आफ्नै खुट्टामा उभ्याउनुपर्छ र आफ्नै देशमा युवाहरूलाई रोजगार दिनु आवश्यक छ । औद्योगिक उत्पादन नभई हाम्रो निर्यात प्रवर्द्धन असम्भव छ । आफ्नो उत्पादन नभएमा व्यापार असन्तुलित हुन्छ । यसले देशको अर्थतन्त्र ओरालो लाग्छ । देशका उद्योगहरूलाई प्राथमिकता दिएर सञ्चालन गर्नुपर्ने हो । तर, सत्तासीन दलका नेताहरू भएका उद्योगहरू घाटामा पुऱ्याएर डुबाउन चाहन्छन् । तिनीहरू देशको उद्योगलाई डुबाएर विदेशी व्यापारीलाई दिने या विदेशी दलाललाई निजीकरण गर्न दिने काम गर्छन् । छालाजुत्ता कारखाना, भृकुटी कागज कारखाना, इँटा टायल कारखाना, हेटौडा कपडा कारखाना, वीरगञ्जको कृषि औजार कारखाना आदि सार्वजनिक उद्योगहरूलाई निजीकरण गरियो । यसले देशको उत्पादनमा ऱ्हास आयो । देशका सरकारी कलकारखाना, संस्थान तथा उद्योगहरू निजीकरण गर्दा देशको आयस्रोत घट्छ । सरकारले व्यक्ति मोटाउने सरकारको अर्थतन्त्र डुबाउने काम गर्नु हुँदैनथ्यो । पुँजीपतिवर्गको सेवा गर्ने नेकाको पछि कम्युनिस्टहरू लाग्नु हुँदैनथ्यो । तर, नेपालका सत्तासीन कम्युनिस्टहरू नेकाको पछि लागे, लागिरहे । यसरी देशका सत्तासीन कम्युनिस्टहरू नेकाको भाइकाङ्ग्रेस बने । यो देशको दुर्भाग्य हो । कम्युनिस्टले आफ्नो दलको सिद्धान्त र विचार बन्धक राख्ने काम गर्नु कम्युनिस्ट पार्टीलाई सुहाउँदैन ।

# सिस्नो खालास नि

✍ अरुणा उप्रेती

धेरैले सिस्नो खानेभन्दा सजाय दिने वनस्पति भन्ने सोच्छन् । नेपालमा सिस्नोलाई गरीबीको अर्को नाम पनि भनिन्छ तर सिस्नो खान हुने एउटा उत्तम वनस्पति हो । स्थानीय वनस्पतिको बारेमा छलफल हुँदा सिस्नोलाई सम्झनैपर्छ ।

सिस्नोको अङ्ग्रेजी नाम 'स्टिगिङ नेटल' हो । वैज्ञानिक नाम भने 'अर्टिका डिओइका' हो । यो ल्याटिन शब्द 'युरो' बाट आएको हो । जसको अर्थ बल्नु वा जलाउनु हो । यसका पातमा भएका झुसले शरीरको कुनै अङ्गमा छोयो भने पोल्न थाल्छ ।

खाद्य सुरक्षाविद्हरूले सिस्नो लाभदायक वनस्पतिका रूपमा लिन्छन् । प्राचीनकालदेखि नै औषधीय गुणयुक्त वनस्पतिका रूपमा चिनिए पनि धेरैले यसबारे अझै थाहा पाएका छैनन् ।

नेपालमा 'सिस्नो' खाने मान्छेलाई हेयको दृष्टिले हेरिन्छ ।

'सिक्स एभिडेन्स-बेस्ड बेनिफिट्स अफ स्टिगिङ नेटल' शीर्षकमा प्रकाशित



अनुसन्धानमूलक आलेख (रियान रमन, हेल्थलाइन डटकम, २१ नोभेम्बर २०१८) ले सिस्नोमा भिटामिन ए, सी, के र बी पाइन्छ भनेर उल्लेख गरेको छ । त्यस्तै यसमा क्याल्सियम, आइरन, म्याग्नेसियम, फस्फोरस, पोटासियम र सोडियम लगायतका मिनरल्सहरू पनि पाइन्छन् । यसबाहेक स्वास्थ्यका लागि लाभदायक एमिनो एसिड, क्याफिक एसिड, क्याम्फोरोल, कर्सेटिन आदि पनि पाइने उल्लेख छ ।

यसमा क्यान्सर प्रतिरोधात्मक गुण पनि पाइन्छ । विभिन्न खालका सङ्क्रमणबाट पनि बचाउँछ । पुरुषहरूमा हुने प्रोस्टेड समस्या न्यूनीकरण गर्न पनि फलदायी छ । त्यस्तै रक्तचाप सन्तुलनमा राख्ने र नियमित सेवन गरे मधुमेहलाई समेत सन्तुलनमा राख्छ भनिएको छ ।

# फिजीमा बन्दरगाह निर्माण गर्ने क्वाडको घोषणाले निम्त्याउन सक्छ अमेरिका–चीन विवाद

- यशराज शर्मा

भारत, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया र जापानका विदेशमन्त्रीहरूले हालै नयाँदिल्लीमा भएको बैठकमा प्रशान्त महासागरीय टापु राष्ट्र फिजीमा संयुक्त रूपमा बन्दरगाह पूर्वाधार विकास गर्ने योजना घोषणा गरेका छन् । चार देश सम्मिलित समूह 'क्वाड्रिलेटरल सेक्युरिटी डायलग एलायन्स' (छोटो रूप क्वाड) ले विगत दुई दशकदेखि एसिया-प्रशान्त क्षेत्रमा चीनको आर्थिक र राजनीतिक प्रभावलाई प्रतिरोध दिनेबारेमा बहस गर्दै आएको छ ।

फिजीमा क्वाड सदस्यले बन्दरगाह विकास गर्ने घोषणापछि चीनले समूहले जे गरे पनि 'कुनै तेस्रो पक्षलाई लक्षित गर्न नहुने' प्रतिक्रिया दिएको छ । पेइचिङले 'समूह कुनै खालको द्वन्द्व तथा टकरावमा संलग्न भएमा' विरोध गर्ने बताएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प आफैँ चीनलाई खुसी पार्ने ध्याउन्नमा लागेको बेला चीनविरोधी यस समूहको सान्दर्भिकतामाथि प्रश्न उठेको समयमा गत मे २६ मा नयाँदिल्लीमा समूहको बैठक बसेको थियो ।

पछिल्लो समय वासिङटनले पश्चिमी गोलार्द्ध तथा मध्य-पूर्वी भेगमा आफ्नो शीर्ष ध्यान केन्द्रित गर्दा प्रशान्तीय क्षेत्रमा ध्यान केही कम गरेको छ । अमेरिकाले कम महत्त्व दिएको समयमा समूहले फिजीमा बन्दरगाह विकास गर्नुको महत्त्व के छ ? कतै यसले अमेरिका र चीनबिच सम्बन्ध बिगार्न सक्छ ?

**फिजीमा बन्दरगाह विकास योजनामा के-के छन् ?**

फिजीका विदेशमन्त्री सकियासी डिटोकाले नयाँ घोषित 'भावी साझेदारीका लागि क्वाड बन्दरगाह' को पाइलट परियोजनाअन्तर्गत बन्ने बन्दरगाह सुभा र लाउटोमा बनाइने जानकारी दिए । बन्दरगाह परियोजना क्वाडको पहिलो संयुक्त पहल हो । तथापि, बन्दरगाह योजनाका बारेमा थोरै मात्र विवरण सार्वजनिक गरिएको छ । ४१ प्रतिशत फिजी सरकारको स्वामित्व रहेको सुभा बन्दरगाह एजेन्सीले बन्दरगाहको स्तरोन्नतिका लागि १८ करोड १० लाख डलर र सके सुभा बन्दरगाह स्थानान्तरण गर्नेसम्बन्धी १.८१ अर्ब डलरको योजनामा गत साता मात्र अमेरिकी अधिकारीसँग छलफल गरेको फिजियन मिडियाले जनाएका छन् ।

**एसिया प्रशान्त क्षेत्रमा क्वाडले के गर्दै छ ?**

क्वाडका चार देशहरू रुस र चीनपछि एसिया-प्रशान्त क्षेत्रका सबैभन्दा प्रभावशाली शक्तिहरू हुन् । क्वाडले आफूहरूबिचको सहयोगको क्षेत्रलाई यसको मूल सुरक्षा-केन्द्रित दृष्टिकोणभन्दा बाहिर पनि विस्तार भएको छ । पछिल्लो समय समूहले समुद्री सुरक्षा, पूर्वाधार, प्रविधि, स्वास्थ्य र आपूर्ति शृङ्खलाका लागि एसिया प्रशान्त पहलको विस्तृत दायरामा फैलिएको छ ।

समूहले 'इन्डो-प्यासिफिक पार्टनरसिप फर म्यारिटाइम डोमेन अवारनेस' (आईपिएमडीए) पनि सञ्चालन गर्दछ, जसले प्रशान्त क्षेत्रका ससाना देशहरूलाई उपग्रह डेटामार्फत अवैध माछा मार्ने, तस्करी तथा अन्य समुद्री गतिविधिहरूको निगरानीमा सघाउँछ । त्यस्तै, यसले 'क्वान्टम' कम्प्युटिङ र साइबर सुरक्षामा सहयोगको साथसाथै चीनमा निर्भरता कम गर्न लिथियम, दुर्लभ-पृथ्वी खनिज र अन्य रणनीतिक खनिजका लागि आपूर्ति शृङ्खला सहज बनाउन समन्वय गर्दछ । त्यस्तै, क्वाड देशहरूले ससाना प्रशान्त टापुमा प्रकोप राहत, जलवायु लचिलोपन र मानवीय सहयोगको पनि वाचा गरेका छन् ।

**क्वाडलाई लिएर चीन किन खुसी छैन ?**

"चीनले क्वाडलाई आफूविरुद्ध गठित गठबन्धनको रूपमा हेर्छ । अहिले फिजीमा सोही समूहले नयाँ परियोजना घोषणा गर्नुलाई पेइचिङले प्रशान्त टापु देशहरूमा क्वाडको सञ्चालन विस्तारको रूपमा हेरिएको छ," चीनमा विशेष ध्यान केन्द्रित गर्ने 'ताइवान-एसिया एक्सचेन्ज फाउन्डेसन' की पोस्ट-डक्टोरल फेलो सना हासमीले भनिन् ।

विगत केही वर्षमा, पेइचिङले यस क्षेत्रमा अर्बौं डलर लगानी गरिसकेको छ र यसको प्रभाव समानान्तर रूपमा बढेको छ । फिजीमा क्वाडको बन्दरगाह परियोजनाबारे यसै हप्ता मिडियाले सोधेको प्रश्नको जवाफमा, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चेतावनी दिँदै भने कि यस क्षेत्रमा कुनै पनि सहयोग 'कुनै तेस्रो पक्षलाई लक्षित गर्नुहुँदैन ।'

उता मे २६ मा नयाँदिल्लीमा भएको क्वाड राष्ट्रको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा, क्वाड देशका विदेशमन्त्रीहरूले पूर्वी चीन सागर र दक्षिण चीन सागरमा बढ्दो तनावका बारेमा पनि चिन्ता व्यक्त गरेका थिए । बैठकपछि जारी विज्ञप्तिमा 'यस क्षेत्रमा शान्ति र स्थिरतालाई खतरामा पार्ने कुनै पनि अस्थिर वा एकपक्षीय कदमको कडा शब्दमा विरोध गर्ने' तिनले पुन: दोहोऱ्याएका छन् । विज्ञप्तिमा चीनको विशेष रूपमा नाम लिइएको छैन । तथापि, यसलाई ताइवानमाथि चीनको दाबी र त्यस टापुवरिपरि चीनको बढ्दो सैन्य अभ्यासको सङ्ख्यालाई सङ्केत मानिएको छ ।

भोलिपल्ट, चिनियाँ प्रवक्ता निङले प्रेस ब्रिफिङमा यस विषयबारे बोल्दै भने, "पूर्वी चीन सागर र दक्षिण चीन सागरको अवस्था सामान्यतया स्थिर छ । बरु, केही देशहरूले चीनवरपर समुद्री मामिलामा हस्तक्षेप गर्न बन्द गर्नुपर्छ । शान्ति र स्थिरता जोगाउन क्षेत्रीय देशहरूको प्रयासलाई इमानदारीपूर्वक सम्मान गर्नुपर्छ । तनाव र टकराव बढाउने कुनै पनि प्रयासलाई समर्थन गर्न सकिँदैन ।"

'ताइवान-एसिया एक्सचेन्ज फाउन्डेसन'की पोस्ट-डक्टोरल फेलो सना हासमीका अनुसार प्रशान्त महासागरीय टापु देशहरूमा चीनले निरन्तर उपस्थिति बढाइरहेको छ । हासमीले भनिन्, "यसले अस्ट्रेलिया र अन्य क्षेत्रीय शक्तिलाई चिन्तित बनाएको छ । यस क्षेत्रमा क्वाड अझ सक्रिय रूपमा सञ्चालन हुने तत्परतालाई पेइचिङले रणनीतिक घेराबन्दीको रूप हेर्छ । क्वाडलाई उसले यसैले पनि प्रशान्त महासागरीय टापु देशहरूमा चीनको क्षेत्रीय महत्त्वाकाङ्क्षालाई बाधा पुऱ्याउन सक्ने समूहको रूपमा हेर्छ ।"

यसबिच, फिजीले एक दशकअघि गरिएको सडक निर्माण र अन्य पूर्वाधार परियोजनाका लागि चिनियाँ राज्य बैङ्कहरूसँग १० करोड डलरभन्दा बढी ऋण छ । उसो त फिजी विगतमा अस्ट्रेलियाको प्रभाव क्षेत्र हो । चीनको लगानी वृद्धिपछि पछिल्लो समय अमेरिका र अस्ट्रेलियाले पनि फिजीलगायत अन्य प्रशान्त महासागरीय टापुहरूमा आफ्नो रणनीतिक संलग्नता बढाएका छन् । यी दुई देश चीनको फैलिँदो कूटनीतिक तथा समुद्री उपस्थितिलाई लिएर चिन्तित छन् ।

अस्ट्रेलिया, अमेरिका र बेलायतबिचको सन् २०२१ मा घोषित 'ओकस सम्झौता' पनि चीनको प्रभावलाई प्रतिरोध गर्ने प्रयासको रूपमा हेरिन्छ । सम्झौताअन्तर्गत क्यानबेरा र लन्डनले वासिङटनसँग मिलेर २०४० को दशकसम्ममा अस्ट्रेलियामा आणविक-वर्गको पनडुब्बीहरू डिजाइन गर्न काम गरिरहेका छन् । अमेरिका र अस्ट्रेलियाले गत वर्ष 'प्रशान्त पहल' को एक शृङ्खला पछ्याए, जसमा पपुवा न्यु गिनीसँग बलियो रक्षा सम्झौतासमेत समावेश छ । अस्ट्रेलियाले प्रशान्त क्षेत्रका साना टापु राज्यहरूका लागि आर्थिक सहायता, प्रहरी सहयोग र जलवायु वित्तपोषणसमेत वृद्धि गरेको छ ।

त्यसअघि सन् २०२२ मा, चीनले सोलोमन आइल्यान्डसँग त्यस देशमा आवश्यक पर्दा चिनियाँ प्रहरी, सेना र सशस्त्र बल पठाउन दिने ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरेको थियो । यस सम्झौतासँगै पेइचिङले अस्ट्रेलियाबाट करिब २,००० किलोमिटर दूरीमा बलियो पाइला टेक्ने अवसर दियो । त्यसपछिका महिनामा, वासिङटनले जवाफी कूटनीतिक अग्रसरता चाल्यो । त्यसपछि नै अमेरिकाले ३० वर्षअघि सोलोमन आइल्यान्ड्समा बन्द गरिएको दूतावास सन् २०२३ मा पुन: खोल्यो । सोही वर्ष अर्को सानो प्रशान्तीय राष्ट्र टोङ्गामा नयाँ अमेरिकी दूतावास खोलियो । वासिङटनले भानुआटु र किरिबाटीलगायत देशहरूमा थप कूटनीतिक नियोग खोलिने योजना पनि घोषणा गऱ्यो ।

जो बाइडेनको शासनकालमा अमेरिकाले तीन प्रशान्त महासागरीय देशहरू मार्सल आइल्यान्ड्स, माइक्रोनेसिया र पलाउ सम्मिलित 'कम्प्याक्ट्स अफ फ्री एसोसिएन अफ थ्री प्यासिफिक कन्ट्रिज' समूह नवीकरण गरेको थियो । यद्यपि, चीन यी सामूहिक प्रयासहरूमा अगाडि रहेको हासमीले बताइन् । "अमेरिका तथा अन्य पश्चिमी देशले यी क्षेत्रको चिन्ता रहेको जलवायु परिवर्तन, पूर्वाधार विकास र लचिलो आर्थिक सम्बन्धजस्ता विषयमा ध्यान नदिई सम्बन्ध बढाउने प्रयास गरेकाले त्यो बनावटी बनेको छ ।

चीनको प्रभावको सामना गर्न दिगो प्रतिबद्धता र निरन्तरता आवश्यक पर्नेछ । क्वाडको हालैको घोषणा त्यसै दिशामा महत्त्वपूर्ण हुन्छ । यद्यपि, यसको प्रभाव यी घोषणा कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेमा निर्भर गर्दछ," हासमीले भनिन् ।

(लेखक शर्मा दक्षिण एसियाली राजनीति, भारतमा बढ्दो हिन्दू राष्ट्रवाद र अन्य सामाजिक विषयमा कलम चलाउँछन् ।)

- *'अलजजिरा' बाट*

# बस बिसौनी क्षेत्रमा मौलिकता झल्किने फल्चा (पाटी) निर्माण आवश्यक



पाठक पत्र

भक्तपुर नगरपालिकाले हरेक वर्षझैँ यस वर्ष पनि नयाँ आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको लागि आवश्यक सुझाव सङ्कलन गरिरहेको छ, जुन स्वागतयोग्य छ ।

फल्चा (पाटी) को सामाजिक र सांस्कृतिक महत्त्व छ । फल्चामा आफ्नो अनुभव एकअर्कालाई सुनाउने परम्परागत व्यवहारमा कुनै पनि वर्ग विभेद हुँदैन । यो धनी र गरिबको अनुभव साटासाट गर्ने साझा क्षेत्र हो । खेती किसानीको सिलसिला तथा यात्राको क्रममा टाढा टाढा जाँदा घामपानी तथा हुरीबतासबाट जोगिन फल्चा निर्माण गर्ने संस्कृति प्राचीन कालदेखि रहेको छ । अझ फल्चासँगै ढुङ्गेधारा अर्थात् लोहँहितिको व्यवस्था गर्ने गरिन्छ ।

चैत्य तथा पाटीसँग जोडिएका फल्चाहरूमा बिहान बेलुका सांस्कृतिक भजन, पूजा तथा जात्रापर्वको तयारीसमेत नियमित चलिरहेको हुन्छ ।

फल्चा ऐतिहासिक र परम्परागत संरचना मात्रै होइन, यो काठमाडौँ उपत्यकाको पहिचान र जीवन्त सांस्कृतिक धरोहर हो । त्यसैले भक्तपुर नगरपालिकाले हरेक वर्ष पुरानो फल्चाको जीर्णोद्धार र पुन:निर्माण गर्दै आइरहेको छ । यसले 'सय वर्षपछिको भक्तपुर' लाई मूर्त रूप दिन सहयोग गर्दछ ।

भक्तपुर नगरलाई थप आकर्षक र घुम्न आउने विदेशी तथा स्वदेशी पर्यटकहरूको रोजाइमा पार्न भक्तपुर नगरपालिकाले अरनिको राजमार्गको बस स्टेसन तथा नगर क्षेत्रको बस बिसौनीहरूमा परम्परागत फल्चा निर्माणमा जोड दिनुपर्छ । भक्तपुर नगर क्षेत्र अवलोकन तथा परिक्रमा गर्ने पर्यटकहरूको आकर्षण बढाउन परम्परागत मौलिकता झल्किने उचित व्यवस्थापन भएको शौचालयसहितको फल्चा बस बिसौनी क्षेत्रमा निर्माणको लागि बजेटको व्यवस्था गर्नुपर्छ ।

बस बिसौनी क्षेत्रमा प्रयोग गरिएको फाइबरको छड तथा बसाइँले नगरको सुन्दरतामा कमी ल्याउँछ । सडक डिभिजन कार्यालय तथा यातायात विभागसँग समन्वय गरेर भक्तपुर नगरको मौलिक बाह्य सुन्दरतासमेत कायम गर्न अरनिको राजमार्गको बस बिसौनी क्षेत्रमा मौलिकता झल्किने फल्चा महाकाली स्थान, जगाति, भुलांचा, सूर्यविनायक, सल्लाघारीजस्ता मुख्य राजमार्ग क्षेत्रमा प्राथमिकताका आधारमा पुन: निर्माण तथा निर्माण गर्न भक्तपुर नगरपालिका अघि सर्नु आवश्यक छ ।

- *सत्यराम कासिछ्वा*

# नेपालको जलसम्पदा भारतको पोल्टामा - १



✍ रतन भण्डारी, जलस्रोत अध्येता

नेपालको जलसम्पदा हत्याउने भारतीय योजना ब्रिटिश-इन्डियाकालीन हो । सोही योजनाअनुसार अङ्ग्रेज शासकहरूले नेपालमा कोसी उच्चबाँध निर्माणको खाका कोरेका थिए । बिहारलाई बाढीबाट जोगाउन ब्रिटिशहरूले सर्वप्रथम सन् १७७९ मा मेजर जेम्स रेनेलमार्फत कोसीको अध्ययन गराएका थिए । त्यसपछि सन् १८६३ तिर जेम्स फरगुसनले कोसीको अध्ययन गरेका थिए । फरगुसनपछि कोसीको अध्ययन गर्ने एफ.ए. शिलिङ फिल्ड थिए । सन् १८७० पछि ब्रिटिशहरूले कोसीमा तटबन्धको अवधारणा अघि सारेका थिए । तटबन्ध निर्माणका लागि ब्रिटिशहरूले नेपालसँग सहमति पनि जुटाएका थिए । सन १८९१ मेमा बाढी



आएपछि उक्त ब्रिटिश योजना अघि बढेन । त्यसपछि पनि ब्रिटिशहरूले कोसीको अध्ययनलाई निरन्तरता दिइ नै रहे । सन् १८९४ मा इन्जिनियर विलियम ए. इङलिशले कोसीको स्थलगत अध्ययन गरेका थिए । ब्रिटिशहरूको अध्ययनले नेपालको बराहक्षेत्रमा उच्च बाँध निर्माणलाई जोड दिएको थियो । भारत छोड्नुअघिसम्म ब्रिटिशहरू कोसीको अध्ययनमा थिए । भारत स्वतन्त्र भएपछि ऊसँग लगानीको अभाव थियो । सोही कारण भारतले ब्रिटिशहरूको खाका अनुसार कोसी उच्च बाँध निर्माण गर्नसक्ने अवस्था थियो । फलतः भारतले उच्च बाँधको विकल्पमा भारदहमा कोसी ब्यारेज निर्माणको लागि नेपालसँग सन् १९५४ मा कोसी सम्झौता गरेको हो । गण्डक (नारायणी) को सवालमा ब्रिटिशहरूले सन् १८७१ मै उत्तरी भारतमा सिँचाइका लागि गण्डकको पानी प्रयोग गर्ने योजना सन् १८९० कै दशकमा पलाएको थियो । सन् १८९६ मा विहारमा खडेरी परेपछि ब्रिटिशहरूले गण्डकमा नहर निर्माण गर्ने योजना बनाएका थिए । सोही योजनाअनुसार हालको भैसालोटन ब्यारेजमाथि ब्रिटिशहरूले सन् १९०३ मा एकतर्फी नहर निर्माण थालेका थिए । सन् १९०९ देखि उक्त नहरमार्फत विहारमा सिँचाइ सुविधा पुऱ्याएका थिए ।

महाकालीमा पनि अङ्ग्रेजहरूले सन् १८६९ तिरै नहर निर्माण गरी युनाइटेड प्रोभिन्स (हाल उत्तरप्रदेश) मा सिँचाइको योजना बनाएका थिए । तर, त्यतिबेला आयोजना अघि बढेन । पछि सन् १९०१ मा ब्रिटिश इन्डियाद्वारा गठित 'सिँचाइ आयोग' को सुझावअनुसार महाकालीमा नहर निर्माणको प्रस्ताव गरियो । सन् १९१० को बाढीका कारण महाकालीले बाटो परिवर्तन गरी नदी पूरै नेपालतिर पसेपछि योजना परिमार्जन गर्नुपर्ने भयो । फलतः सन् १९२० मा नेपालसँग भूमि सट्टाभर्ना गर्ने सर्तमा नेपाली भूमि मिचेर सन् १९२८ मा महाकाली नदीमा शारदा ब्यारेज निर्माण गरेका हुन् । अङ्ग्रेज शासकहरूले नेपालको जलसम्पदाबाट उत्तरी भारतमा समृद्धि ल्याउने खाका कोरेका थिए । तत्कालीन चिफ इन्जिनियरले मुख्यसचिव सर ओलाफ क्यारोलाई पत्र नै युनाइटेड प्रोभिन्समा ब्रिटिश इन्डियाको युनाइटेड प्रोभिन्सका लेखेर "नेपालमा वर्षायामको पानी बुन्न सकियो भने युनाइटेड प्रोभिन्सलाई हुने सिँचाइ र बाढी नियन्त्रणको लाभ यति धेरै हुनेछ कि त्यसको बदलामा नेपाललाई सित्तैमा बाँध उपहार दिए हुन्छ" भनेका थिए । तर, सन् १९४७ मा अङ्ग्रेजहरूले भारत छोड्नुपर्दा नेपालको पानी हत्याउने उनीहरूको योजना कार्यान्वयनमा आएन ।

**नेपालको जलसम्पदा हेर्ने स्वतन्त्र भारतको दृष्टिकोण** :

सन् १९४७ मा भारत स्वतन्त्र हुँदा ऊसँग विकास निर्माणका लागि पर्याप्त पुँजी थिएन । र, पनि स्वतन्त्र भारतले नेपालको प्राकृतिक स्रोत खासगरी जलस्रोतलाई हेर्ने ब्रिटिश इन्डियाकालीन दृष्टिकोणलाई हुबहु आत्मसात गर्यो । सोही कारण नेपाल भारतबिच सन् १९५० मा हस्ताक्षरित शान्ति तथा मैत्री सन्धिको पत्राचारको दफा ४ मा "नेपाल सरकारले नेपालका प्राकृतिक स्रोतको विकास अथवा कुनै औद्योगिक परियोजनाको लागि विदेशी सहयोग लिने निर्णय गरेमा, भारत सरकार या भारतीय नागरिकहरूद्वारा राखिएका सर्तहरू कुनै अन्य विदेशी सरकार या विदेशी नागरिकहरूद्वारा राखिएका सर्तभन्दा नेपालका लागि कम अनुकूल नभएमा नेपाल सरकारले भारत सरकार वा उसका नागरिकहरूलाई पहिलो प्राथमिकता दिनेछ" भन्ने प्रावधान राखियो ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिको पत्राचारमा नेपालका प्राकृतिक स्रोतको विकासका लागि विदेशी सहयोग लिने निर्णय गरेमा भारत सरकार र भारतीय नागरिकलाई पहिलो प्राथमिकता दिने भन्ने बुँदाले भारतको नेपालको जलस्रोतलाई हेर्ने दृष्टिकोण प्रस्ट छ । अर्थात्, उसले नेपालको प्राकृतिक स्रोतमा आफ्नो उपस्थितिलाई सुनिश्चित गर्ने दुष्प्रयास गरेको छ । त्यसपछिका दिनहरूमा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाका पालामा सन् १९५४ मा कोसी सन्धि भयो । त्यसपछि प्रधानमन्त्री बीपी कोइरालाको पालामा सन् १९५९ मा गण्डक सम्झौता भयो । ती दुवै सन्धि-सम्झौताहरूमा नेपालको हक खोसिएको थियो । लाभजति भारतलाई हानिजति नेपाललाई हुने गरी ती सन्धि-सम्झौताहरू भएका थिए । कोसी र गण्डक दुवै सन्धि-सम्झौताहरूले ती नदीहरूमा नेपालको माथिल्लो तटीय अधिकार खोस्ने काम भयो । पछि गण्डक सम्झौता सन् १९६४ र कोसी सन्धि १९६६ मा पुनरावलोकन भए । पुनरावलोकनपछि कोसी नदीको माथिल्लो तटीय अधिकार नेपाल फर्काउन सफल रहे पनि गण्डकका हकमा फेब्रुअरीदेखि अप्रिलसम्म गण्डक नहरबाट भारतले उपभोग गरिरहेको पानी नघट्ने गरेरमात्रै नेपालले गण्डक जलाधार क्षेत्रमा आयोजना विकास गर्न पाउने र त्यसका लागि भारतसँग सहमति कायम गर्नुपर्ने प्रावधान कायमै राखियो । २०१६ सालमा प्रधानमन्त्री बीपी कोइरालाका पालामा दाङको देउखुरी उपत्यका डुबाउने गरी भारतले पश्चिम राप्तीमा जलकुण्डी योजनाको नेपालसँग अनुमति नै नलिई आफूखुसी सर्वेक्षण गरेको थियो । नेपालको आपत्ति पछि जलकुण्डीबाट भारतीयहरूका ४० वटा क्याम्प हटाइएका थिए । सन् १९७० को दशकमा नेपालले पश्चिम राप्तीमै भालुवाङ जलाशय आयोजनाको अध्ययन गरेको थियो । नेपाली भूमिभित्र रहेको उक्त परियोजनालाई भारतले संयुक्त परियोजना भन्दै अड्को थापेपछि नेपालले उक्त परियोजनाबाट पछि हट्नु परेको थियो । नेपालको पूर्ण स्वामित्वको आयोजनालाई भारतले संयुक्त आयोजना भन्दै भ्रम छरेबाट पनि भारतको नेपालको जलसम्पदामाथिको कुदृष्टि छर्लङ्ग हुन्छ । पञ्चायतकालमै १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी परियोजना अघि बढाउन खोज्दा भारतले उक्त परियोजनामा आफ्नो सुरक्षा फौज रहनुपर्ने प्रस्ताव नेपालले अस्वीकार गर्दा उक्त आयोजना थाती रह्यो ।

नेपालले २०४५ सालमा चीनबाट हतियार खरीद गरेको निहुँमा भारतले नेपालमाथि नाकाबन्दी लगायो । त्यहीबेला पञ्चायतविरुद्ध जनआन्दोलन सुरु भयो । जनआन्दोलन उत्कर्षमा पुग्दा भारतीय विदेश सचिव एसके सिंह जलसम्पदा र सुरक्षा भारतलाई सुम्पनुपर्ने मस्यौदा सन्धि बोकेर काठमाडौँ उत्रिएका थिए । तर, उक्त सन्धि नेपालले स्वीकारेन । २०४६ सालको जनआन्दोलनपछि नवगठित अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको भारत भ्रमण भयो । भ्रमणको क्रममा प्रधानमन्त्री भट्टराईले भारतसँग नेपालका नदीनाला नेपाल र भारत दुवै देशका 'साझा नदी' हुन् भन्ने माइन्यूटमा सही गरेर आए । २०४८ सालको आमनिर्वाचनपछि नेपाली काङ्ग्रेसको बहुमतको सरकार बन्यो । त्यसपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमण भयो । भ्रमणका क्रममा प्रधानमन्त्री कोइरालाले भारतले अवैधरूपमा महाकाली नदीमाथि बनाएको टनकपुर बाँधसम्बन्धी सम्झौतामा हस्ताक्षर गरे । नेपालको सार्वभौमिकताविपरीत निर्माण गरिएको टनकपुर बाँधको पूर्वी एफलक्स बन्ड निर्माणका

टनकपुरको घाउ सुक्न नपाउँदै भारतसँग महाकाली सन्धिमा हस्ताक्षर भयो । महाकाली सन्धिमा अवैध टनकपुर सम्झौतालाई समेत मिसाएर वैधता दिइयो । प्राविधिक आयु सकिएको शारदा ब्यारेजको म्याद थपियो र भारतको हितअनुसार भविष्यमा बन्ने पञ्चेश्वर परियोजनामा सहमति जनाइयो । दुवै देशले महाकाली नदीबाट उपभोग गर्दै आएको पानी कटाएर बाँकी पानीमात्रै दुवै समान हक लाग्ने अपव्याख्यासहित महाकालीको पानीमाथिको नेपालको हक खोसियो ।

लागि नेपाली भूमि उपलब्ध गराउने काम प्रधानमन्त्री कोइरालाले गरे । अवैध टनकपुर सम्झौतालाई प्रधानमन्त्री कोइरालाले स्वदेश फर्केपछि 'सम्झौता' नभई 'समझदारी' मात्रै भएको झूट बोले । टनकपुर सम्झौताविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि अदालतले टनकपुर समझदारी नभई सम्झौता नै भएको ठहर गर्यो । नेपाली भूमि डुबानमा पारेर, प्रयोग गरेर नेपालको हक लाग्ने महाकाली नदीमा टनकपुर बाँध निर्माण गरी भारतले आफूखुसी १ सय २० मेगावाट विद्युत् उत्पादन गरेर उपभोग गर्दै आएको छ ।

टनकपुरको घाउ सुक्न नपाउँदै भारतसँग महाकाली सन्धिमा हस्ताक्षर भयो । महाकाली सन्धिमा अवैध टनकपुर सम्झौतालाई समेत मिसाएर वैधता दिइयो । प्राविधिक आयु सकिएको शारदा ब्यारेजको म्याद थपियो र भारतको हितअनुसार भविष्यमा बन्ने पञ्चेश्वर परियोजनामा सहमति जनाइयो । दुवै देशले महाकाली नदीबाट उपभोग गर्दै आएको पानी कटाएर बाँकी पानीमात्रै दुवै समान हक लाग्ने अपव्याख्यासहित महाकालीको पानीमाथिको नेपालको हक खोसियो । यसरी सन्धिका नाममा नेपालको अमूल्य सम्पदा महाकाली नदी भारतलाई बुझाउने काम तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा, परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनी, जलस्रोतमन्त्री पशुपतिशमशेर जबरा, विपक्षी दलका नेता माधवकुमार नेपाल र नेता केपी शर्मा ओलीबाट भयो । राष्ट्रघाती महाकाली सन्धि सदनको दुईतिहाइ बहुमतबाट अनुमोदन भयो । महाकाली सन्धिविरुद्ध मत जाहेर गरेर मुलुकको पक्षमा उभिने नेपाल मजदुर किसान पार्टी (नेमकिपा) मात्रै थियो । नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेँ 'रोहित', आशाकाजी बासुकला र भक्तबहादुर रोकाया; नेकपा एमालेका मोहनचन्द्र अधिकारी, हिरण्यलाल श्रेष्ठ र पद्मरत्न तुलाधर तथा मसालका परि थापा र नवराज सुवेदीले मात्रै महाकाली सन्धिको विपक्षमा मत हालेर आफूलाई देशभक्त सांसदको कित्तामा उभ्याएका थिए । बाँकी नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाल सद्भावना पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी सबैले महाकाली सन्धिको पक्षमा मतदान गरेका थिए ।

महाकाली सन्धिपछि वि.सं. २०५४ सालमा भारतलाई बिजुली बेच्ने र तल्लोतटीय लाभ (अतिरिक्त सिँचाइ र बाढी नियन्त्रण) पनि भारतलाई पुग्ने गरी पश्चिम सेती आयोजना अस्ट्रेलियाको स्मेक नामक कम्पनीलाई दिइयो । तर, उक्त आयोजना अघि बढ्न सकेन । २०६२/६३ को राजनीतिक परिवर्तनपछि ३०० मेगावाटको माथिल्लो कर्णाली र ४०२ मेगावाटको अरूण ३ परियोजना भारतीय निजी कम्पनी जीएमआर र सरकारी कम्पनी सतलज जलविद्युत् निगमलाई गैरकानुनीरूपमा बुझाउने काम भयो । ती दुवै आयोजना बुझाउन पूर्वसचिव भानुप्रसाद आचार्यको संयोजकत्वमा कार्यदल गठनको नाटक मञ्चन भयो । सोही कार्यदलको सुझावको आधारमा ती दुई परियोजना जीएमआर र सतलजलाई दिइएको भनियो । तर, ती आयोजनाका हकमा अन्तरिम संविधान २०६३ मा विद्यमान प्रावधानहरूलाई सरासर छल्ने काम भयो । संविधानभन्दा माथि एकजना पूर्वकर्मचारीको संयोजकत्वमा बनेको कार्यदलको प्रतिवदेनलाई आधार बनाएर माथिल्लो कर्णाली र अरूण ३ बुझाइएको थियो । त्यतिबेला भारतीय कम्पनीहरूलाई नै बुझाउन खोजिएको ६०० मेगावाट बूढीगण्डकी भने रोकियो । पछिल्लोपटक बूढीगण्डकी जलाशय आयोजनाको क्षमता बढाउने नाममा १२०० मेगावाट पुऱ्याइएको छ । नेपाल सरकारले बूढीगण्डकी निर्माणका लागि भनेर पेट्रोलियम पदार्थमा प्रति लिटर ५ रूपैयाँ उठाउन लागेको वर्षौं भएको छ । बुढीगण्डकीका नाममा यसरी उठाइएको रकम ५० अर्ब नाघेको छ । तर, बूढीगण्डकी निर्माण भइहाले त्यसको तल्लोतटीय लाभ (अतिरिक्त पानी र सिँचाइ र बाढी नियन्त्रण) को कुनै खाका कोरिएको छैन । वर्तमान ढाँचामै बूढीगण्डकी अघि बढाइए त्यसको तल्लोतटीय लाभ सित्तैमा भारतको हात पर्नेछ ।

सुरुमा ३०० मेगावाट क्षमताका लागि माथिल्लो कर्णाली र ४०२ मेगावाट क्षमताका लागि अरूण ३ परियोजना सम्झौता गरिएकोमा पछिल्लोपटक गैरकानुनीरूपमा ती दुवै आयोजनाहरूको क्षमता ९०० मेगावाट पुऱ्याइएको छ । माथिल्लो कर्णाली जलविद्युत् परियोजना सम्झौता अन्तरिम संविधान, २०६३ को धारा १५६ तथा वर्तमान संविधानको धारा २७९ अनुसार संसद्को दुईतिहाइ बहुमतबाट अनुमोदन भएपछिमात्रै कार्यान्वयनमा आउनुपर्ने मागसहित पङ्क्तिकारद्वारा सर्वोच्च अदालतमा रीट निवेदन दर्ता भएको थियो । माथिल्लो कर्णाली परियोजनाको परियोजना विकास सम्झौता-पीडीएमा हस्ताक्षर भएको मितिले २ (दुई) वर्षभित्र जीएमआरले वित्तीय व्यवस्थापन गरिसक्नुपर्ने प्रावधान छ । तर, जीएमआरले निर्धारित समयअनुसार लगानी जुटाउन सकेन । त्यसपछि नेपाल सरकारले २०७३ पुस २४ गते जीएमआरको वित्तीय व्यवस्थापनको म्याद पुनः १ (एक) वर्षका लागि थप्यो । त्यतिबेला पनि पीडीएमा विद्यमान प्रावधानविपरीत कामचलाउ सरकारले नै वित्तीय व्यवस्थापनको पहिलो म्याद थप्यो । त्यसरी म्याद थप्दा पनि जीएमआरले १ (एक) वर्षभित्र वित्तीय व्यवस्थापन गर्न सकेन । यस अवस्थामा नेपाल सरकारले जीएमआरले पीडीएको पालना नगरेको र म्याद थप गर्दा पनि लगानी जुटाउन नसकेको कारण तत्काल पीडीए भङ्ग गर्नुपर्थ्यो, तर गरेन । नेपाल सरकारले उल्टो २०७४ कार्तिक २७ गते फेरि १ वर्षका लागि दोस्रोपटक वित्तीय व्यवस्थापनको म्याद थप्यो । त्यतिबेला पनि कामचलाउ सरकार नै थियो । आम निर्वाचनको तयारी भइरहेको थियो । सो दोस्रोपटक थपेको १ वर्षभित्र पनि जीएमआरले वित्तीय व्यवस्थापन गर्न सकेन । त्यसपछि ३ वर्ष १० महिनासम्म म्याद गुजारी कुनै काम नगरी पूरा समय खाली राखी बसेको जीएमआरलाई नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय (काम चलाउ सरकार) ले पुनः २०७९ असार ३१ गते (अर्थात् आमनिर्वाचन घोषणाको ठीक चार दिनअघि) वित्तीय व्यवस्थापनको म्याद एकैचोटि २ वर्षका लागि थपेको छ । उक्त गैरकानुनी म्याद थप विरुद्ध पङ्क्तिकारले सर्वोच्च अदालतमा दायर अर्को रिट निवेदनमा माननीय न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले अन्तरिम आदेश जारी गरेको थियो । त्यसपछि माथिल्लो कर्णालीसँग सम्बन्धित सबै रीटनिवेदनहरूमाथिको सुनुवाइका लागि संवैधानिक इजलाश तोकियो । संवैधानिक इजलासमा माथिल्लो कर्णालीको मुद्दा हेर्न नमिल्ने सूचीमा रहेका तत्कालीन का.मु. प्रधानन्यायाधीश हरिकृष्ण कार्की र न्यायाधीश सपना प्रधान मल्लको समेतले ती रिट निवेदन हेरी बहस गराई जीएमआरको पक्षमा फैसला गर्दै रिट निवेदन खारेज गरे ।

*-बाल विकास स्मारिका २०८० बाट*




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङस्थित केन्द्रीय कार्यकर्ता तालिम विद्यालयको प्राङ्गणमा दुई देश चीन र प्रजग कोरियाको सदावहार मित्रताको प्रतीक संयुक्त रूपमा फरको रुख रोपेर त्यसमा माटो र पानी सिंचन गर्दै प्योङयाङ भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव एवं चिनियाँ राष्ट्रपति सी चिनफिङ र कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राष्ट्रिय मामिला आयोगका अध्यक्ष किम जोङ उन ९ जून २०२६ का दिन। फरको रुख वर्षभर हरियाली रहने दुर्लभ रुख हो। *तस्बिर : सिन्ह्वा/यान यान*

# मध्यपूर्व द्वन्द्वको कारण अमेरिकामा हवाई इन्धनको लागतमा उल्लेख्य वृद्धि

न्युयोर्क (अमेरिका), २६ जेठ (सिन्ह्वा)। अमेरिकी इएरलाइन्सले अप्रिल महिनामा इन्धन लागतमा लगभग छ अर्ब ५० करोड अमेरिकी डलर भुक्तान गरेको जनाएको छ भने जुन महिनामा २६ प्रतिशतभन्दा बढी र एक वर्षमा ७८ प्रतिशतले लागत बढेको जनाइएको छ।

मध्यपूर्व द्वन्द्वले पछिल्लो एक सय दिनमा चरम सीमा पार गरेको कारण यस्तो अवस्था आएको अमेरिकी ब्युरो अफ ट्रान्सपोर्टेसन स्ट्याटिस्टिक्स (बिटिएस) ले जनाएको छ।

इन्टरनेसनल एयर ट्रान्सपोर्ट एसोसिएसन (आइएटिए) ले जारी गरेको रिपोर्टमा यस वर्ष एयरलाइन्सले २३ अर्ब डलर शुद्ध नाफा हासिल गर्ने अपेक्षा गरेको छ, जुन अघिल्लो प्रक्षेपण भन्दा १८ अर्ब डलब कम हो।

संरा अमेरिकालगायत विश्वभरका ३७० भन्दा बढी एयरलाइन्सको प्रतिनिधित्व गर्ने आईएटीएले प्रतियात्रु शुद्ध नाफा २०२५ मा ९.१० डलर रहेकोमा घटेर यस वर्ष ४.५० डलरमा झर्ने अपेक्षा गरेको छ।

इरान द्वन्द्व र बढ्दो इन्धन लागतले "एयरलाइन्सको दृष्टिकोणलाई अझै खराब बनाएको आइएटिएका महानिर्देशक विली वाल्सले प्रतिवेदनमा उल्लेख गर्नुभएको छ।

उच्च इन्धन लागतका कारण, अमेरिकी कम्पनी स्पिरिट एयरलाइन्सले मे महिनाको सुरुमा सेवा सञ्चालन बन्द गरेकोसमेत जनाइएको छ।

# हर्मुज नजिक अमेरिकी हेलिकप्टर हेलिकप्टर दुर्घटनापछि पाइलट सुरक्षित

दुबई, २६ जेठ (एपी)। हर्मुज जलघाँटी नजिकै अमेरिकी सेनाको अपाचे लडाकु हेलिकप्टर दुर्घटनाग्रस्त भएपछि त्यसमा रहेका दुई पाइलट सुरक्षित रहेको राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको छ। मध्यपूर्वमा बढ्दो तनावबिच भएको यो दुर्घटनाको कारण भने अझै स्पष्ट भएको छैन।

मङ्गलबार बिहान भएको उक्त दुर्घटना इरान–इजरायलबिचको पछिल्लो तनावपछि उत्पन्न संवेदनशील परिस्थितिबिच भएको हो। इरान र इजरायलबिच अघिल्लो दिन मात्र भएको गोलीबारीले क्षेत्रीय सुरक्षा अवस्था थप अस्थिर बनाएको थियो। इरानको राज्य सञ्चारमाध्यमले पनि दुर्घटनाको पुष्टि गरेको भए पनि विस्तृत विवरण सार्वजनिक गरेको छैन।

यसअघि इजरायल र संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध सैन्य आक्रमण सुरु गरेयता मध्यपूर्वमा द्वन्द्व चर्किँदै गएको छ। त्यसयता विश्व ऊर्जा आपूर्ति प्रभावित भएको, तेल तथा खाद्य वस्तुको मूल्य बढेको र अन्तर्राष्ट्रिय बजारमा अस्थिरता फैलिएको बताइन्छ। यद्यपि पछिल्ला महिनामा घोषित युद्धविरामलाई दीर्घकालीन शान्ति सम्झौतामा रूपान्तरण गर्न भने सफल हुन सकेको छैन।

घटना भएको समयमा राष्ट्रपति डोनाल्ड ट्रम्प न्युयोर्कस्थित जोन एफ. केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा एनबीए फाइनल हेरेपछि सञ्चारकर्मीसँग कुरा गरिरहनुभएको थियो। उहाँले दुर्घटनाबारे प्रारम्भिक जानकारी दिँदै पाइलटहरू सुरक्षित रहेको पुष्टि गर्नुभएको हो।

उहाँले भन्नुभयो, "पाइलटहरू ठीक छन्, कोही घाइते छैनन्। हामी भोलि विस्तृत प्रतिवेदन सार्वजनिक गर्नेछौँ।"

घटनाबारे पहिलोपटक न्युयोर्क टाइम्सले अमेरिकी सेनाको अपाचे हेलिकप्टर अस्पष्ट परिस्थितिमा हर्मुज जलघाँटी नजिक खसेको रिपोर्ट गरेको थियो। अमेरिकी सेनाको केन्द्रीय कमान्ड र रक्षा मन्त्रालयले भने यस विषयमा प्रतिक्रिया दिन तत्काल कुनै जानकारी दिएको छैन।

यस दुर्घटनाले संवेदनशील समुद्री मार्गमा सैन्य गतिविधि र क्षेत्रीय तनाव अझै उच्च अवस्थामा रहेको सङ्केत दिएको विश्लेषकहरूले बताएका छन्।

# विश्व द्वन्द्व ८० वर्षयताकै उच्च

ओस्लो, २६ जेठ (एएफपी)। विश्वभर सन् २०२५ मा राज्य-सम्बन्धित सशस्त्र द्वन्द्व ऐतिहासिक उच्चस्तरमा पुगेको नर्वेको एक नयाँ प्रतिवेदनले देखाएको छ। प्रतिवेदनअनुसार दोस्रो विश्वयुद्धपछि पहिलोपटक एकै वर्षमा यति ठुलो सङ्ख्यामा द्वन्द्व र नागरिकमाथि आक्रमण दर्ता भएको हो। यसले विश्वव्यापी सुरक्षा अवस्था अत्यन्त चिन्ताजनक बनेको सङ्केत दिएको छ।

नर्वेको ओस्लोस्थित शान्ति अनुसन्धान संस्थाद्वारा प्रकाशित वार्षिक 'द्वन्द्व प्रवृत्ति' प्रतिवेदनले सन् २०२५ मा कम्तीमा एउटा राज्य संलग्न ६५ वटा सशस्त्र द्वन्द्व विश्वभर दर्ता गरिएको जनाएको छ। यो सङ्ख्या सन् १९४६ यताकै सबैभन्दा उच्च रहेको प्रतिवेदनको निष्कर्ष छ।

प्रतिवेदनमा भारत-पाकिस्तान, अफगानिस्तान-पाकिस्तान, कम्बोडिया-थाइल्यान्डबिचका सीमा तनावसँगै रुसको युक्रेनमाथिको आक्रमण र सिरियामा इजरायली सैन्य कारबाहीजस्ता घटनाले विश्वमा राज्य-राज्यबिचका द्वन्द्वलाई ८० वर्षयताकै उच्च बिन्दुमा पुर्‍याएको उल्लेख गरिएको छ।

अनुसन्धानकर्ता सिरी आस रुस्तादले एएफपीसहितका सञ्चारमाध्यमसँग कुरा गर्दै पछिल्लो वर्षको अवस्था अत्यन्त निराशाजनक रहेको बताउनुभयो। उहाँले सामान्यतया केही सकारात्मक प्रवृत्ति देखिने भए पनि यसपटक तथ्याङ्क असामान्य रूपमा उच्च रहेको टिप्पणी गर्नुभयो।

प्रतिवेदनअनुसार शीतयुद्धको अन्त्यपछिको अवधि हेर्दा सन् २०२५ तेस्रो सबैभन्दा घातक वर्ष बनेको छ। सो वर्ष करिब दुई लाख ४५ हजार मानिसको मृत्यु प्रत्यक्ष लडाइँ वा राजनीतिक हिंसासँग सम्बन्धित घटनामा भएको अनुमान गरिएको छ। तीमध्ये करिब ७६ हजार ५०० घटना नागरिकलाई लक्षित आक्रमणका रूपमा दर्ता भएका छन्। यो सन् २०२४ को १४ हजार २०० भन्दा धेरै गुणा बढी हो।

विशेषगरी सुडानमा सेनाबिचको द्वन्द्वले ठुलो मानवीय सङ्कट निम्त्याएको प्रतिवेदनले औंल्याएको छ। डार्फर क्षेत्रको एल-फासेर सहरमा भएको घेराबन्दी र हिंसात्मक घटनाका कारण मात्र करिब ६० हजार मानिसको मृत्यु भएको अनुमान गरिएको छ। यसलाई पछिल्ला दशकहरूकै सबैभन्दा गम्भीर नागरिक क्षति भएका घटनामध्ये एकका रूपमा लिइएको छ।

प्रतिवेदनले शीतयुद्धपछि सन् १९९४ को रुवान्डा नरसङ्हार र सन् २०२१ को इथियोपियाको टिग्रे युद्धपछि यति ठुलो मात्रामा रक्तपात देखिएको यो तेस्रो ठुलो चरण भएको उल्लेख गरेको छ।

विश्लेषकहरूले अफ्रिका सबैभन्दा बढी प्रभावित क्षेत्र बनेको बताएका छन्, जहाँ राज्य-सम्बन्धित २९ वटा प्रमुख द्वन्द्व दर्ता गरिएको छ। त्यसपछि एसिया, मध्यपूर्व, अमेरिका र युरोप रहेका छन्।

सिरी आस रुस्तादले पछिल्ला पाँच-छ वर्षमा एकै समयमा धेरै ठुला द्वन्द्व सक्रिय रहेको र ती एक-अर्कासँग जोडिँदै विश्वव्यापी तनाव झन् गहिरिँदै गएको बताउनुभयो। उहाँका अनुसार विश्व अहिले निरन्तर उच्च तीव्रताको द्वन्द्व चक्रमा फसेको छ, जुन पहिलेको अवस्थाभन्दा फरक र झन् जटिल बनेको छ।

प्रतिवेदनले उप्पसाला द्वन्द्व तथ्याङ्क कार्यक्रम र उप्पसाला विश्वविद्यालयद्वारा सङ्कलित तथ्याङ्कलाई आधार बनाएको हो। यसले सशस्त्र हिंसालाई तीन श्रेणीमा विभाजन गरेको छ–राज्य संलग्न द्वन्द्व, गैर-राज्य द्वन्द्व र नागरिकमाथि एकतर्फी हिंसा।

क्षेत्रीय विश्लेषणअनुसार अफ्रिका सबैभन्दा बढी प्रभावित भए पनि एसिया र मध्यपूर्वमा पनि द्वन्द्व तीव्र बनेका छन्। अमेरिकामा केही क्षेत्रमा हिंसात्मक घटनामा वृद्धि देखिएको छ भने युरोपमा रुस-युक्रेन युद्धका कारण अस्थिरता कायमै रहेको प्रतिवेदनले जनाएको छ।

इजरायललाई लिएर गरिएको विश्लेषणमा गाजा, सिरिया, लेबनान, इरान र हुथी विद्रोहीविरुद्धका विभिन्न सैन्य कारबाहीका कारण उक्त देश हाल विश्वका सबैभन्दा आक्रामक सैन्य सक्रियतामा रहेकोमध्ये एक भएको टिप्पणी गरिएको छ।

त्यसैगरी संयुक्त राज्य अमेरिकाको सन्दर्भमा राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनरागमनपछि हिंसा र सैन्य-आर्थिक दबाब दुवै बढेको टिप्पणी गरिएको छ। रुस्तादका अनुसार बढ्दो व्यापार अवरोध र अन्तर्राष्ट्रिय सहकार्य कमजोर हुँदा विश्व थप ध्रुवीकृत बन्दै गएको छ।

उहाँले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् प्रभावहीन बन्दै गएको र अन्तर्राष्ट्रिय सहकार्यमा कमी आउँदा विश्वव्यापी द्वन्द्व नियन्त्रण झन् कठिन हुँदै गएको पनि उल्लेख गर्नुभयो।

# पाकिस्तान र लेबनान सेनाका प्रमुखबिच भेटवार्ता

इस्लामाबाद (पाकिस्तान), २६ जेठ (एएफपी)। पाकिस्तानी र लेबनानी सशस्त्र सेनाका प्रमुखहरूले मङ्गलबार पाकिस्तानमा मध्यपूर्व युद्धको शान्ति वार्ताका लागि भएको भेटवार्तामा थप सहयोग बढाउन सहमत भएको जनाइएको छ।

पाकिस्तानले लामो समयदेखि चलिरहेको द्वन्द्व अन्त्य गर्न संयुक्त राज्य अमेरिका र इरान बिच मध्यस्थता गरिरहेको छ भने तेहरानले सम्झौतामा लेबनानलाई समावेश गर्न जोड दिएको छ जहाँ इजरायलले इरान समर्थित हेजबुल्लाह लडाकु समूहसँग लडिरहेको छ।

लेबनानी सेना प्रमुख रोडोल्फ हेकल आफ्ना पाकिस्तानी समकक्षी असीम मुनीरलाई भेट्न शनिबार नै पकिस्तान प्रस्थान गरेको लेबनानी स्रोतलाई उद्धृत गर्दै एएफपीले जनाएको छ।

सैन्य कमान्डरहरूले आपसी हितका विषयहरू, विकसित क्षेत्रीय सुरक्षा वातावरण, रक्षा सहयोग र द्विपक्षीय सैन्य सम्बन्ध बढाउने सम्भावनाहरूमा छलफल गरेको पाकिस्तानी सेनाको मिडिया शाखाले विज्ञप्तिमार्फत जनाएको छ।

इरान र इजरायल दुवैले सोमबार युद्ध रोकेको सङ्केत गरेको भए तापनि हयकलको भ्रमणको क्रममा शत्रुता अझै बढेको बताउनुभएको छ।

यसअघि शान्ति वार्ताको लामो प्रक्रियाप्रति निराशा व्यक्त गर्दै आउनुभएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार वार्ताकारहरू सम्झौतामा पुग्ने "अन्तिम चरणमा" रहेको बताउनुभएको छ।

हिजबुल्लाह लडाकुहरूले मार्च - २ मा इरानको सर्वोच्च नेताको अमेरिकी-इजरायली हत्याको बदला लिन इजरायलमा रकेट प्रहार गरेपछि लेबनान युद्धमा तानिएको थियो।

इजरायलले आक्रमणको प्रतिक्रिया दिदा तीन हजार ६०० जना मानिसहरू मारिएका छन् भने जारी युद्धविरामका बावजुद हेजबुल्लाहसँग गोलीबारीको बन्द भएको छैन।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले इरान र इजरायलबिच नयाँ लडाइँ सुरु हुँदै गर्दा युद्ध अन्त्य गर्ने अमेरिका-इरान सम्झौता "हासिल हुन लागेको" बताउनुभएको छ।

अप्रिल -१७ मा युद्धविराम सम्झौता सुरु भए पनि, इजरायली सेनाले लेबनानको क्षेत्रँभित्र यसको उत्तरी सीमाबाट १२ किलोमिटरभित्र रकेट प्रहार गरेका छन्।

# चीनको निर्यातमा उल्लेख्य वृद्धि

पेइचिङ, २६ जेठ (एएफपी)। मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व व्यापार र आपूर्ति प्रणालीमाथि दबाब बढिरहेका बेला चीनको निर्यात मे महिनामा अपेक्षाभन्दा बलियो रूपमा बढेको छ। मङ्गलबार सार्वजनिक सरकारी तथ्याङ्कअनुसार विश्वको दोस्रो ठुलो अर्थतन्त्र चीनबाट हुने निर्यात गत वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले वृद्धि भएको छ, जसले बजारको अनुमानलाई समेत उछिनेको छ।

चीनको भन्सार प्रशासन (जीएसी) का अनुसार मे महिनाको निर्यात वृद्धिदर अप्रिलको १४.१ प्रतिशतबाट थप उकालो लाग्दै १९.४ प्रतिशत पुगेको हो। अर्थशास्त्रीहरूले ब्लुमबर्गमार्फत गरिएको सर्वेक्षणमा १५ प्रतिशत वृद्धि हुने अनुमान गरेका थिए। वास्तविक तथ्याङ्क त्यो अनुमानभन्दा उल्लेख्य रूपमा माथि देखिएको छ।

त्यसैगरी, चीनको आयात पनि बलियो रह्यो। मे महिनामा आयात वार्षिक आधारमा २७.४ प्रतिशतले बढेको छ। यो वृद्धिदर पनि ब्लुमबर्गको २६ प्रतिशतको पूर्वानुमानभन्दा उच्च रहेको छ। आयात र निर्यात दुवै क्षेत्रमा देखिएको मजबुत विस्तारले बाह्य व्यापार चीनको अर्थतन्त्रका लागि अझै महत्त्वपूर्ण सहारा बनेको सङ्केत गरेको छ।

विशेषगरी संयुक्त राज्य अमेरिकातर्फको निर्यात उल्लेखनीय रूपमा बढेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पेइचिङ भ्रमणका क्रममा व्यापार सम्बन्ध प्रमुख एजेन्डाका रूपमा रहेको अवस्थामा चीनको अमेरिकातर्फको निर्यात एक वर्षको अवधिमा ३५.४ प्रतिशतले वृद्धि भएको जीएसीले जनाएको छ।

तथ्याङ्कअनुसार अमेरिकामा चीनको निर्यात मे महिनामा ३९ अर्ब अमेरिकी डलर पुगेको छ। गत वर्षको सोही महिनामा यो रकम २८ अर्ब ८० करोड डलर थियो। त्यतिबेला ट्रम्प प्रशासनको व्यापार नीतिका कारण दुवै देशबिचको व्यापारिक गतिविधिमा दबाब परेको थियो।

निर्यातमा आएको यो वृद्धि चीनको अर्थतन्त्रका लागि सकारात्मक सङ्केत मानिएको छ। चीनले लामो समयदेखि उत्पादन र निर्यातमा आधारित वृद्धिको मोडललाई बिस्तारै घरेलु उपभोगमा आधारित बनाउने प्रयास गरिरहेको छ। तर अपेक्षाअनुसार आन्तरिक माग बलियो बन्न नसक्दा बाह्य व्यापार अझै पनि अर्थतन्त्रको प्रमुख आधार बनेको छ।

यद्यपि चुनौतीहरू कायम छन्। कमजोर घरेलु माग, मध्यपूर्व द्वन्द्वका कारण बढ्दो ऊर्जा लागत तथा अन्तर्राष्ट्रिय ढुवानी व्यवस्थामा देखिएका अवरोधले आर्थिक गतिविधिमाथि दबाब सिर्जना गरिरहेका छन्। आधिकारिक तथ्याङ्कले दुई महिनाको विस्तारपछि मे महिनामा चीनको उत्पादन क्षेत्रको गतिविधि लगभग स्थिर अवस्थामा पुगेको देखाएको छ।

ऊर्जा तथा रासायनिक उद्योगसँग सम्बन्धित कच्चा पदार्थको मूल्य बढ्दै जाँदा कारखानाहरूको उत्पादन लागत पनि बढिरहेको छ। ढुवानीमा देखिएका समस्या र आपूर्ति शृङ्खलामा परेको असरका कारण उत्पादन क्षेत्रले थप चुनौती सामना गरिरहेको विश्लेषकहरूले बताएका छन्।

यद्यपि यी चुनौतीका बिच निर्यात र आयात दुवै क्षेत्रमा देखिएको अपेक्षाभन्दा राम्रो प्रदर्शनले चीनको बाह्य व्यापार अहिले पनि विश्व आर्थिक अनिश्चितताबिच तुलनात्मक रूपमा मजबुत रहेको सङ्केत दिएको छ।

# लेबनानमा वास्तविक शत्रु को हो ?

लेबनानी राष्ट्रपति जोसेफ आउन्ले स्पष्ट रूपमा हिज्बुल्लाहलाई लेबनानको 'शत्रु' भने ।

अमेरिकाको मध्यस्थतामा भएको वार्ता र व्यापक युद्धविराम सम्झौताको सन्दर्भमा, लेबनानी सरकारले औपचारिक रूपमा लडाकु समूह हिजबुल्लाहलाई राज्यको शत्रुको रूपमा तोकेको छ र यसको सैन्य उपस्थितिलाई समाप्त पार्ने सर्तहरूमा सहमति जनाएको छ ।

इजरायलले लेबनानको लगभग एकतिहाइ भागमा क्रूर आक्रमण र कब्जा गरेको छ, कहिल्यै छोड्ने कुनै मनसायबिना र देशमा निरन्तर हवाई आक्रमणहरू सञ्चालन गर्दै छ, जसमा दक्षिणबाट टाढाका स्थानहरू पनि समावेश छन् जसको हिजबुल्लाहसँग कुनै सम्बन्ध नै छैन ।

धेरै मानिसहरू सोध्छन् : लेबनानको शत्रु को हो ? यदि प्रतिरोधी समूह हिजबुल्लाहलाई केहीले दोष दिन्छन् भने इजरायलको बारेमा के भन्छ ? लेबनानलाई गाजाजस्तो देखिने गरी आफ्नो बाटोमा आउने सबै कुरा नष्ट पार्ने इजरायली सैन्य कब्जालाई कसरी "शत्रु" भन्न सकिँदैन ?

मिडइस्टडिस्कोर्सका स्टीभन साहियुनीले अन्तर्राष्ट्रिय राजनीति र अमेरिकी राष्ट्रिय सुरक्षाका विज्ञ जियाद साफीसँगको अन्तर्वार्ता ।

**स्टीभन साहियुनी (SS) :** इजरायल र लेबनानबिचको पछिल्लो युद्धविराम सम्झौतामा, हिज्बुल्लाहलाई लेबनानको शत्रुको रूपमा तोकिएको छ । तपाईंको विचारमा, यस्तो कथनप्रति हिज्बुल्लाह, लेबनानी सेना र लेबनानी नागरिकहरूले कस्तो प्रतिक्रिया दिनेछन् ?

**जियाद साफी (ZS) :** हिज्बुल्लाहले अमेरिकी मध्यस्थतामा रहेको यो ढाँचाका सर्तहरूलाई अस्वीकार गरेको छ, यसका नेता, नाइम् कासेमले वार्तालाई 'निरर्थक' र 'अपमानजनक' भनेका छन् । हिज्बुल्लाहले आफूलाई शत्रुको रूपमा होइन, तर प्राथमिक 'राष्ट्रिय प्रतिरोध' को रूपमा प्रस्तुत गर्दै छ । किनकि हिज्बुल्लाह सक्रिय राजनीतिक दल हो र लेबनानी संसद्मा पनि स्थान ओगटेको छ, अनि लेबनानको सैन्य र सुरक्षा संयन्त्रमा र निजामती कर्मचारीतन्त्रमा पहुँच छ, लेबनानी राज्यमा यसको उच्च हात रहेकोले लेबनानी राज्यले यसलाई अछुतो महसुस गर्छ ।

लेबनानी सशस्त्र बल (LAF) ले एउटा कमजोर स्थिति ओगटेको छ किनकि सम्झौताले सेनालाई गैर-राज्य पक्षहरूलाई बहिष्कार गर्दै सुरक्षा क्षेत्रहरूको विशेष नियन्त्रण लिन आदेश दिएको छ । राष्ट्रपति जोसेफ आउन् र राज्य संयन्त्रले यो सम्झौतालाई अन्तिम युद्धविराम सुरक्षित गर्ने र राज्यको सार्वभौमिकता पुन: स्थापित गर्ने 'अन्तिम मौका' को रूपमा हेर्छ । सीमावर्ती क्षेत्रहरूमा तैनाथ गर्न सेनाले अमेरिकी र अन्तर्राष्ट्रिय रसद सहयोग स्वीकार गर्छ । हिज्बुल्लाहुलाई शत्रु भनेर लेखिएको भए तापनि, लेबनानी सेनासँग हिज्बुल्लाहलाई बल प्रयोग गरेर निशस्त्र पार्ने परिचालन क्षमता वा राजनीतिक जनादेश छैन । ऐतिहासिक रूपमा, सेनाले आफ्नै पङ्क्तिभित्रको विभाजन वा नयाँ गृहयुद्धमा फस्नबाट रोक्नको लागि हिज्बुल्लाहसँग प्रत्यक्ष घरेलु टकरावबाट बच्न खोज्छ । लेबनानी सेना सन् १९९० मा सिरियाले मुक्त क्षेत्रको कब्जा छाडेपछि निर्माण गरिएको थियो । सरकारले हिज्बुल्लाहलाई प्रतिरोधको रूपमा वर्षौंदेखि लेबल लगाएको छ, जसले गर्दा सुरक्षा संयन्त्रले आफ्नो पङ्क्तिभित्र फैलिएको पार्टीलाई आँखा चिम्लिएको छ । सेनाको प्रतिक्रिया भनेको घरेलु राजनीतिक गुटहरूविरुद्ध आक्रामक कारबाही सुरु गर्नुको सट्टा सीमा सुरक्षा, पूर्वाधार व्यवस्थापन र तोकिएको 'पाइलट जोन' मा गस्तीलाई प्राथमिकता दिनु हो । हिज्बुल्लाहले नि:शस्त्रीकरण गर्न अस्वीकार गरेपछि र एलएएफ (LAF)ले यसको सामना गर्न अस्वीकार गरेपछि, हामी गतिरोधमा छौँ ।

**हिज्बुल्लाहविरोधी गुटहरू :** जनसङ्ख्याको एक महत्त्वपूर्ण भाग - धेरै इसाई, सुन्नी र ड्रुज राजनीतिक ब्लकहरूसहितले लामो समयदेखि हिजबुल्लाहले 'राज्यभित्रको राज्य' को रूपमा कार्य गर्ने तर्क गर्दै आएको छ । यी नागरिकहरूले इरानजस्ता विदेशी समर्थकहरूको आदेशमा लडाकु समूह हिज्बुल्लाहले लेबनानलाई बारम्बार विनाशकारी, अनावश्यक द्वन्द्वमा तान्दै आएको महसुस गर्छन् । उनीहरूका लागि, यो पदनामले उनीहरूको लामो समयदेखिको धारणालाई पुष्टि गर्छ कि समानान्तर सशस्त्र मिलिशियाले युद्ध र शान्तिलाई निर्देशित गर्दा वास्तविक सार्वभौमिकता असम्भव छ ।

**थकित बहुमत :** राजनीतिक पङ्क्तिबद्धताभन्दा बाहिर, अधिकांश नागरिक आर्थिक पतन र निरन्तर युद्धबाट थकित छन् । धेरैको लागि, प्राथमिक चिन्ताको विषय पाठको सटीक शब्दावली होइन । तर, यसले हवाई आक्रमणको सफलतापूर्वक अन्त्य गर्न र विस्थापित परिवारहरूलाई सुरक्षित रूपमा आफ्नो घर फर्कन अनुमति दिन सक्छ कि सक्दैन भन्ने हो ।




**प्रतिरोधको समर्थक र शिया समुदायको समर्थन :** जनसङ्ख्याको ठूलो हिस्सा, विशेष गरी शिया समुदाय र सहयोगी गुटहरू भित्र, 'शत्रु' लेबललाई आक्रोशित रूपमा हेर्छन् । यी नागरिकहरूको लागि, हिजबुल्लाह इजरायली कब्जाविरुद्ध एक महत्त्वपूर्ण ढाल बनेको छ ।

**(SS) :** संयुक्त राज्य अमेरिकाले युद्ध अन्त्य गर्ने प्रयासमा लेबनान र इजरायलबिच मध्यस्थता गरिरहेको बताइएको छ । यद्यपि, के अमेरिका इजरायलको सबैभन्दा ठुलो सैन्य, राजनीतिक र गुप्तचर समर्थक भएको बेलामा साँच्चै तटस्थ मध्यस्थकर्ताको रूपमा मान्न सकिन्छ ?

**(ZS) :** इजरायलले अमेरिकाबाट सैन्य सहायता, विशेष गरी संयुक्त राष्ट्र सुरक्षा परिषद्मा राजनीतिक संरक्षण (भिटो पावर) र गुप्तचर साझेदारी प्राप्त गर्दछ ।

अर्कोतर्फ, अमेरिकाको इजरायलमाथि असमान प्रभाव छ र त्यहाँ एक ऐतिहासिक उदाहरण जस्तै समुद्री सम्झौता छ, जुन सफलतापूर्वक अमेरिकी लेबनानी सरकारका नेताहरूले अमेरिकी मध्यस्थतालाई स्वीकार गर्छन् किनभने उनीहरू अमेरिकी संलग्नतालाई इजरायली बमबारी रोक्न र पुनर्निर्माणको लागि अन्तर्राष्ट्रिय आर्थिक सहायता सुरक्षित गर्ने एक मात्र यथार्थपरक माध्यमको रूपमा हेर्छन् ।

**(SS) :** वासिङटनले लेबनानी मोर्चालाई इरानी फाइलबाट अलग गर्न काम गरिरहेको छ, जबकि तेहरानले दुवै मोर्चालाई इरान र संयुक्त राज्य अमेरिकाबिच चलिरहेको वार्तामा जोड्न जोड दिएको छ । तपाईंको विचारमा, के ट्रम्प यी दुई मोर्चाहरूलाई अलग गर्न सफल हुनेछन् ?

**(ZS) :** यी दुई मोर्चाहरूको पूर्ण पृथकीकरण प्राप्त गर्नु अत्यन्तै गाह्रो छ । किनकि हिज्बुल्लाहको रणनीतिक पहिचान इरानको विदेश नीतिसँग गहिरो रूपमा गाँसिएको छ, इरानले अस्तित्वगत आर्थिक सङ्कट वा यथास्थितिको निर्णायक सैन्य परिवर्तनको सामना नगरेसम्म लेबनानी मोर्चाको पूर्ण रूपमा विभाजित हुने सम्भावना कम छ । ऐतिहासिक रूपमा, इरानले लेबनानमा रहेको हिज्बुल्लाहलाई आफ्नो प्राथमिक अग्रगामी-निरोधक र सबैभन्दा मूल्यवान रणनीतिक सम्पत्तिको रूपमा हेरेको छ । फलस्वरूप, तेहरानले आर्थिक प्रतिबन्धहरू र इरानी आणविक कार्यक्रमजस्ता व्यापक अमेरिकी-इरान मुद्दाहरूलाई सम्बोधन नगरी हिज्बुल्लाहलाई अलग्याउने वा लेबनानी द्वन्द्व समाधान गर्ने कुनै पनि कूटनीतिक मार्गको कडा प्रतिरोध गर्दछ । ट्रम्प प्रशासनले यो चुनौतीलाई तीन मुख्य संयन्त्रहरूमार्फत सम्बोधन गर्ने सम्भावना छ :

अधिकतम दबाब २.० अन्तर्गत, ट्रम्पले इरानविरुद्ध आक्रामक प्रतिबन्ध अभियान पुन: स्थापना गर्ने अपेक्षा गरिएको छ । लक्ष्य भनेको तेहरानको वित्तीय स्रोतहरूलाई गम्भीर रूपमा घटाउनु हुनेछ । यसले गर्दा लेबनानमा हिज्बुल्लाहको सञ्चालनलाई आर्थिक सहयोग र दिगोपना प्रदान गर्ने क्षमता सीमित गर्नेछ ।

**प्रत्यक्ष सम्झौता :** ट्रम्पको रोजाइको लेनदेन कूटनीतिको शैलीले उनलाई इरानमाथि आर्थिक प्रतिबन्ध राहत प्रदान गर्न अग्रसर गर्न सक्छ, तर केवल तेहरानले आफ्ना क्षेत्रीय प्रोक्सीहरूलाई कटौती गर्ने कडा सर्तमा मात्र, प्रभावकारी रूपमा ट्र्याकबाट अलग गर्न बाध्य पार्दै ।

**क्षेत्रीय सहयोगीहरूलाई सशक्त बनाउँदै :** लेबनानको जमिनमा इरानी प्रभावको सामना गर्न अमेरिकाले इजरायल र खाडी अरब राज्यहरूको लागि रणनीतिक समन्वय र सैन्य समर्थन बढाउन सक्छ, जसले वार्ताको क्रममा शक्ति सन्तुलन परिवर्तन गर्नेछ ।

**(SS) :** तेल अभिभ्ले दक्षिणी लेबनानमा आफ्नो उपस्थिति कायम राख्न र त्यहाँ सैन्य कारबाहीको स्वतन्त्रता जोगाउन खोजिरहेको छ तर यसको लागि लोकप्रिय र राजनीतिक विरोधका साथै हिज्बुल्लाहबाट अस्वीकृत पनि भइरहेको छ । तपाईंको विचारमा, के इजरायल अन्तत: दक्षिणी लेबनानबाट पछि हट्नेछ ? यदि त्यसो हो भने, के त्यो सैन्य दबाब वा राजनीतिक समाधानमार्फत हुनेछ ?

**(ZS) :** मेरो विचारमा, लेबनानी राज्यले आफ्नो भूभागमा पूर्ण सार्वभौमिकता प्रयोग गरेमा मात्र इजरायल लेबनानबाट फिर्ता हुनेछ । यो छोटो अवधिमा असम्भव देखिन्छ, त्यसैले लेबनानी राज्यले पूर्ण नियन्त्रण नलिएसम्म दक्षिण लेबनानमा विस्तारित कब्जाको सम्भावनामा छ, अथवा इजरायली जनता २२ वर्षको कब्जापछि सन् २००० मा जस्तै कब्जाबाट थाकेर फिर्ता जाने निर्णय गर्यो भने ।

**(SS) :** ट्रम्प र नेतन्याहु दुवैले महिनौंअघि भनेका थिए कि हिज्बुल्लाह सैन्य र राजनीतिक रूपमा पराजित भएको थियो । तैपनि, आज पनि हामी यो समूहले इजरायली सेनालाई उल्लेखनीय क्षति पुर्‍याएको देखिरहेका छौँ । तपाईंको विचारमा, के यसले इजरायली गलत मूल्याङ्कन वा गुप्तचरी असफलतालाई प्रतिबिम्बित गर्छ ?

**(ZS) :** राजनीतिक र सैन्य पराजयको घोषणापछि पनि हिज्बुल्लाहले गरिरहेको निरन्तर झडप र क्षतिले सीधा गुप्तचर विफलताको सट्टा असममित युद्धको अन्तर्निहित प्रकृतिलाई प्रतिबिम्बित गर्दछ ।

**परम्परागतविरुद्ध छापामार शैली :** परम्परागत युद्धमा, केन्द्रीकृत कमान्ड संरचना, प्रमुख पूर्वाधार र शीर्ष नेतृत्व (जस्तै प्रमुख व्यक्तित्वहरूलाई समाप्त पार्ने व्यापक इजरायली अपरेसनहरू) गुमाउनु हार बराबर हो । यद्यपि, एक असममित समूहको लागि, बाँच्न र कम लागतमा विकेन्द्रीकृत आक्रमणहरू (जस्तै ड्रोन र स्थानीयकृत एम्बुसहरू) जारी राख्ने क्षमतालाई विजयको रूपमा प्रस्तुत गरिएको छ ।

*- ग्लोबाल रिसर्च*

# पश्चिम बङ्गालमा वामपन्थी दलको पुनरोदयको सम्भावना

**✍ दीप हल्दर**

मे २०२६ मा सम्पन्न पश्चिम बङ्गाल विधानसभा चुनावको नतिजा 'मोदी-दिदीबिच सेटिङ' रहेको सिद्धान्तमा विश्वास गर्नेका लागि ठुलो झट्काका रूपमा आएको हुन सक्छ । यस सिद्धान्तमा विश्वास गर्नेहरूले भाजपा पश्चिम बङ्गालमा केवल देखाउनका लागि लडेको तर्क गरिरहेका थिए । तिनका अनुसार भाजपा ममता बनर्जी नेतृत्वको तृणमूल कङ्ग्रेस सरकारलाई हटाउन कहिल्यै गम्भीर थिएन । यो कुरा चिया पसलमा मात्र चर्चा थिएन, केही चर्चित बङ्गाली विश्लेषकले समेत यस्तो राय राख्थे ।

तर, भाजपाले टिएमसीलाई २०७ बनाम ८० को ठुलो अन्तरले पराजित गरेर यस 'षड्यन्त्र सिद्धान्त' लाई गलत साबित गरिदियो । तथापि, ठुलो अन्तरले हराए पनि भाजपा सम्भवत: टिएमसी पूर्ण रूपमा विघटनतर्फ जाओस् भन्ने चाहँदैन । भित्री रिपोर्टअनुसार टिएमसीका कैयौं निर्वाचित विधायक अहिले भाजपामा सामेल हुन उत्सुक रहेको बताइन्छ । यदि टिएमसी पूर्ण रूपमा विघटित भयो भने यसले पश्चिम बङ्गालमा पुन: वामपन्थी दलहरूको पुनरागमन निम्त्याउन सक्छ । यसको अर्थ त्यस राज्यमा भाजपा र संघ परिवारले दशकौंदेखि लडिरहेको विचारधारासँग उसको प्रत्यक्ष मुडभेड हुनेछ ।

कुनै समय बलियो पार्टी मानिने टिएमसीले यसपटक भाजपासँग विधानसभा चुनावमा हारको सामना गरेपछि अहिले अस्तित्वगत सङ्कटको सामना गरिरहेको छ । भाजपा सांसद सौमित्र खानले प्रेसलाई बताएअनुसार लगभग ५० असन्तुष्ट टिएमसी विधायक र २० सांसद (केन्द्रका) पार्टी छोड्न चाहन्छन् । भाजपाको केन्द्रीय नेतृत्वले स्वीकृति दिएमा उनीहरू भाजपामै सामेल हुनसमेत तयार रहेको बताइएको छ । तर, यति ठुलो सङ्ख्यामा टिएमसी नेता भाजपामा समाहित भए भने टिएमसीको राजनीतिक भविष्यमाथि नै प्रश्न उठ्नेछ । यही कुरालाई पुष्टि गर्ने गरी इन्डिया टुडेको पछिल्लो एक रिपोर्टले पश्चिम बङ्गालका विभिन्न नगरपालिकाका लगभग १०० टिएमसी काउन्सिलरले राजीनामा दिएको बताएको थियो ।

'टिएमसी कहिल्यै साँचो अर्थमा राजनीतिक दल बन्नै सकेन । किनकि, यसको आफ्नै राजनीतिक विचारधारा नै थिएन । ममता बनर्जीले कङ्ग्रेसको विरोध गर्दै सोही पार्टीबाट अलग भएर टिएमसी गठन गरिन् । त्यसपछि उनले आफ्नो नयाँ पार्टीलाई बङ्गालका वामपन्थी सरकारको कटु आलोचक बनाइन् । जब पार्टी सत्तामा आयो, यो बिस्तारै भाजपाविरोधी देखिन थाल्यो,' राजनीतिक टिप्पणीकार तथा कलकत्ता उच्च अदालतका वरिष्ठ वकिल जयदीप सेनले भने । यसरी आफ्नै कुनै अडान नभएको र अरूको विरोधमा अडेको पार्टी कुनै न कुनै समय विघटन हुने खतरा हुनेमा सेनले जोड दिए ।

वामपन्थी पुनरागमनलाई सहजीकरण : सतही रूपमा सरसर्ती हेर्दा वामपन्थी दल तृणमूल कङ्ग्रेसको विकल्प हुने सम्भावना कमजोरजस्तो लाग्न सक्छ । किनकि, यसपटक तृणमूल कङ्ग्रेसले ८० सिट जित्दा वाममोर्चाले विधानसभामा केवल दुई सिट जितेको छ । दुईमध्ये एउटा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) वा सिपिएम र अर्को सिट अखिल भारतीय धर्मनिरपेक्ष मोर्चाले जितेको हो । त्यसअघि सन् २०१९ को लोकसभा चुनाव, सन् २०२१ को विधानसभा चुनाव र फेरि सन् २०२४ को लोकसभा चुनावमा वाम मोर्चाले एउटा पनि सिट जित्न सकेको थिएन ।




तर, मे २४ मा भएको 'फाल्टा' निर्वाचन क्षेत्रको उपचुनाव परिणामले भने वामपन्थीको उदयको सङ्केत गर्छ । भाजपा उम्मेदवार देवांशु पाण्डाले एक लाखभन्दा बढी मतको अन्तरले सो क्षेत्रमा जित त हासिल गरिन्, तथापि दोस्रो धेरै मत सिपिएम समर्थित उम्मेदवार शम्भुनाथ कुर्मीले पाए । जबकि, तृणमूल कङ्ग्रेस चौथो स्थानमा आयो । यही एक निर्वाचन परिणामले पनि अब पश्चिम बङ्गालको विरोधी मतदाता वामपन्थीतिर सरेको सङ्केत गर्छ ।

'पश्चिम बङ्गालमा ३० प्रतिशत मुस्लिम जनसङ्ख्या छ । यो भनेको बिजेपीविरोधी मत हैं । त्यसबाहेक अरू समुदायमा पनि थोरबहुत भाजपाविरोधी हिस्सा स्वाभाविक हुन्छन् । यी सबै जोड्दा राज्यमा संरचनात्मक रूपमा भाजपाविरुद्ध ठुलो विपक्षी स्पेस छ, जुन कम्तीमा पनि ४० प्रतिशतको वरिपरि घुमिरहेको हुन सक्छ,' युनिभर्सिटी अफ ससेक्स, युकेका फेलो अयान गुहाले भने । गुहाको ठम्याइमा टिएमसी कमजोर भएर अब उठ्न नसक्ने ठम्याइपछि आमआक्रोश व्यक्त गर्ने माध्यमका रूपमा सिपिएम वा सिपिएम-कङ्ग्रेसबिचको गठबन्धन विकल्प बन्न सक्छ ।

यो भाजपा सरकारका लागि आदर्श अवस्था हुनेछैन । भाजपा-आरएसएसले कहिल्यै वामपन्थी दल राज्यशक्तिमा फर्किएको हेर्न चाहँदैनन् । यस स्तम्भकारले आफ्नो पुस्तक 'बङ्गाल २०२१ : एन इलेक्सन डायरी' लेखनका क्रममा लिएको एक अन्तर्वार्तामा बङ्गालका एक वरिष्ठ आरएसएस कार्यकर्ताले भनेका थिए कि ममता बनर्जी तत्कालको राजनीतिक प्रतिद्वन्द्वी भए पनि वास्तविक 'शत्रु' सधैँ वामपन्थी नै हुन् । 'किनकि, टिएमसीले शासन गर्दा जति नै समस्या भए पनि तिनले राज्य संरचनामा नोक्सान पुर्‍याउँदैनन् । तर, वापमन्थीहरूले भने पूरै देशलाई नोक्सान पुर्‍याउने क्षमता राख्छन्,' ती आरएसएस कार्यकर्ताले भनेका थिए । तर, अहिलेको अवस्था हेर्दा भाजपाले नचाहँदा-नचाहँदै आफैंले टिएमसीको समूल नष्ट गरिदिएर वापमन्थी शक्तिको पुनरोदय सहज बनाइदिएजस्तो देखिन्छ ।

*(हल्दर द प्रिन्टका लेखक र योगदानकर्ता सम्पादक हुन् ।)*

*- द प्रिन्टबाट*

# युद्धविरामको बाबजुत इजरायली सेनाद्वारा लेबनानमा आक्रमण जारी

तेलअभिव, २६ जेठ (एएनआई)। इजरायली रक्षामन्त्री इजरायल काट्जले युद्धविरामको बाबजुत इजरायली सेजनाले लेबनानमा हेजबुल्लाहविरुद्ध सैन्य आक्रमण जारी राख्ने उल्लेख गर्दै र इजरायली क्षेत्रमा कुनै आक्रमण गरेमा बेरुतमा आक्रमण गर्ने चेतावनी दिएको टाइम्स अफ इजरायलले जनाएको छ।

टाइम्स अफ इजरायलका अनुसार काट्जले पछिल्लो क्षेत्रीय तनावबिच जारी इरानी चेतावनीलाई पनि अस्वीकार गर्नुभएको छ।

इजरायलले इरानको धम्कीलाई अस्वीकार गरेको जनाउँदै इजरायलमाथि आक्रमण गर्ने प्रयास गरेमा कडा प्रतिक्रियाको सामना गर्नुपर्ने काट्जले बताउनुभएको छ।

यसैबिच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले इजरायलले इरानमा आफ्नो आक्रमण रोकेको बताउनुभएको छ।

इजरायल र इरानले एक अर्कामाथि आक्रमण गरेपछि सार्वजनिक टिप्पणी गर्दै नेतान्याहूले तेहरानले इजरायली क्षेत्रमा आक्रमणहरू बन्द गरेपछि लडाइँ रोकिएको बताउनुभएको छ।

तस्निम समाचार एजेन्सीका अनुसार इरानी सेनाले लेबनानको समर्थन र इजरायली सैन्य कारबाहीको जवाफमा आक्रमण गरेको बताएको छ। इरानी सशस्त्र बलले लेबनानका जनताको समर्थनमा इजरायललाई प्रतिक्रिया दिएको इरानी सेनाले विज्ञप्ति जारी गर्दै जनाएको छ।

यद्यपि, तेहरानले इजरायलले आफ्नो कारबाही जारी राख्यो भने सैन्य कारबाही पुनः सुरु गर्ने तयारी भएको जनाएको छ।

विज्ञप्तिमा लेबनानमा, इजरायली सेना हेजबुल्लाहका स्थानहरूविरुद्ध सक्रिय रहेको उल्लेख गर्दै यदि आक्रमण जारी रहेमा पहिले भन्दा कडा र दमनकारी उपायहरू अगाडि आउने बताइएको छ।

इरानी राष्ट्रपति मसूद पेजेस्कियनले तेहरान आफ्नो राष्ट्रिय हितको रक्षा गर्न र कूटनीतिक संलग्नता दुवैमा प्रतिबद्ध रहेको जोड दिँदै खतराको सामना गर्न पछि नहट्ने र वार्ताको लागि ढोका खुला राख्ने बताउनुभएको छ।

सामाजिक सञ्जाल एक्समा इरानी राष्ट्रपतिले सैन्य तयारी र कूटनीति राष्ट्रिय शक्तिको पूरक स्तम्भ भएको कुरामा जोड दिँदै तेहरानले गरेको सुझावलाई अस्वीकार गर्नुभएको छ। उहाँले कूटनीति र रक्षा राष्ट्रिय शक्तिका दुई अङ्ग भएको उल्लेख गर्दै मैदान र वार्ताको दुवैलाई आत्मसाथ गरेको बताउनुभएको छ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेल अभिवले तेहरानमा आक्रमण गरेपछि दुई पक्ष बिच तीव्र आक्रमण र प्रतिआक्रमण सहितको शत्रुता बढेपछि इरान र इजरायलमा "तत्काल युद्धविराम" लागू गर्न खोजिरहेको बताइएको छ।

द्वन्द्वको पूर्ण समाधानका लागि शान्ति सम्झौतामा अन्तिम चरणको वार्ता भइरहेको ट्रम्पले बताउनुभएको छ। उहाँले सम्झौता द्रुत गतिमा अघि बढिरहेको उल्लेख गर्दै सम्झौता नभए सम्म इरानमाथि वासिङ्टनको अवरोध जारी रहने उल्लेख गर्नुभएको छ।

---

***युवा...***

नेतृत्वमा पुगेपछि जिम्मेवारी, जवाफदेहिता, अनुशासन र राष्ट्रप्रतिको प्रतिबद्धता सबैभन्दा महत्त्वपूर्ण हुने उल्लेख गर्नुभयो।

उहाँले संसद्मा नियमित उपस्थिति नजनाउने, जनताप्रति जवाफदेही नहुने तथा अनुशासनहीन गतिविधि देखिने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्नुभयो।

राष्ट्र हितविपरीत अभिव्यक्ति र गतिविधिले देशको अन्तर्राष्ट्रिय छवि तथा राष्ट्रिय हितमा नकारात्मक असर पार्न सक्ने भएकोले सार्वजनिक पदमा रहेका व्यक्तिहरू जिम्मेवार र संवेदनशील हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापति तथा वडा नं. ८ का वडा अध्यक्ष कृष्णप्रसाद कोजुले उद्घोषक तथा पब्लिक स्पिकिङ तालिमले सहभागीहरूको आत्मविश्वास अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले प्रभावकारी सञ्चार कला आजको आवश्यकता भएको उल्लेख गर्दै सार्वजनिक रूपमा आफ्ना विचार स्पष्ट र व्यवस्थित ढङ्गले प्रस्तुत गर्न सक्ने क्षमता विकासका लागि यस्ता तालिम उपयोगी हुने बताउनुभयो।

कार्यक्रममा पूर्ववडाध्यक्ष महेन्द्र खायमलीले नयाँ पुस्तालाई समाजको प्रतिबिम्बका रूपमा प्रस्तुत गर्न र सक्षम नागरिकका रूपमा विकास गर्न यस्ता तालिमहरू महत्त्वपूर्ण हुने बताउनुभयो। उहाँले व्यक्तित्व विकास, नेतृत्व क्षमता तथा प्रभावकारी सञ्चार सीप अभिवृद्धिका लागि उद्घोषक तथा पब्लिक स्पिकिङ तालिम आवश्यक रहेको बताउनुभयो।

वडा सदस्य रामसुन्दर बासीले स्पष्ट उच्चारण, सरल भाषा र आत्मविश्वासका साथ आफ्ना विचार प्रस्तुत गर्न सक्ने क्षमता विकासका लागि यस्ता तालिम आवश्यक रहेको बताउनुभयो। उहाँले सार्वजनिक रूपमा बोल्ने सीपले व्यक्तित्व विकासको साथै सामाजिक तथा व्यावसायिक जीवनमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो।

तालिमका प्रशिक्षक किरण सुवालले सहभागीहरूको नियमित उपस्थिति र अनुशासनको प्रशंसा गर्दै बोल्ने कला हरेक व्यक्तिका लागि आवश्यक सीप भएको बताउनुभयो। "बोल्ने कला नभएका व्यक्तिहरू धेरै क्षेत्रमा पछाडि पर्न सक्छन्। त्यसैले यो तालिम सबैका लागि र हरेक क्षेत्रमा उपयोगी छ," उहाँले बताउनुभयो।

तालिमका सहभागी वैविक लक्ष्मी बाला, अञ्जली श्रेष्ठ, रीजा कपाली, राजल जाकिबन्जार, प्रनिशा दुवाल र वर्षना सुवाललगायतले तालिम अत्यन्त उपलब्धिमूलक रहेको अनुभव सुनाउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख सुनिल प्रजापतिले तालिम सफलतापूर्वक सम्पन्न गरेका चार जना प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो।

---

***बीमाले...***

भरतपुर अस्पतालले बोलपत्रबाट खरिद गर्दाको मूल्यमा २० प्रतिशत नाफा थप गरेर बिक्री गर्दा यो मूल्य आएको हो। यसरी हेर्दा भरतपुर अस्पतालले खरिद गरेको मूल्य र औषधिको एमआरपी (खुद्रा मूल्य) हेर्दा आठ गुणभन्दा बढी फरक परेको छ।

उक्त औषधि मात्रै होइन, प्रोस्टेटका बिरामीले प्रयोग गर्ने सिलोडोसिन ८ एमजीको बजार मूल्य रु. ३५ प्रतिट्याबलेट पर्ने औषधि स्वास्थ्य बीमाले रु. सात तोकेको छ। अस्पतालले बीमाबाहेककालाई रु. ७.१५ मा कोलेस्ट्रोलका लागि प्रयोग हुने रोजोभास्टिन २० एमजीको खुद्रा मूल्य रु. ३८ छ भने स्वास्थ्य बीमाले रु. ३.३८ र भरतपुर अस्पतालले त्यही औषधि रु. १.७२ मा कलेजोका औषधि युविलिक ३०० एमजी बजार मूल्य रु. ४० छ भने स्वास्थ्य बीमाले रु ४.०५ र भरतपुर अस्पतालले ११.२६ मा बिक्री गर्छ।

दम हुँदा तान्ने सेरिडिल २५० को रोटा क्यापको बजार मूल्य प्रतिबट्टा रु. ६०८ छ भने स्वास्थ्य बीमाको रु. ३२३.४० र भरतपुर अस्पतालको ३७७.९० रहेको छ। मधुमेहका बिरामीले खाने इन्फाग्लिप्टिन २५ एमजीको बजार मूल्य रु. ३०, स्वास्थ्य बीमाको रु.१०.५० र भरतपुर अस्पतालको १६.९५ छ।

अर्का भिटामिन बी १२ का लागि प्रयोग हुने मिथायल कोवालामिन १५०० एमजीको बजार मूल्य रु. १९.८०, स्वास्थ्य बीमा बोर्डले रु. २.७० र भरतपुर अस्पतालले रु. १०.५३ मा बिक्री गर्दै आएको छ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगाले बीमाको दररेटमा कतिपय औषधि बिक्री गर्न कठिन हुने बताउनुहुन्छ। बोलपत्रमार्फत खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा जोडेर हुने मूल्य वा बीमाले तोकेको मूल्य जुन सस्तो छ बीमाका बिरामीका लागि सोही आधारमा औषधि बिक्री गर्ने गरेको उहाँले बताउनुभयो।

बगालेले आफू आएलगत्तै खरिद मूल्यमा २० प्रतिशतभन्दा बढी नहुने गरी दररेट निर्धारण गरेको हुँदा कतिपय औषधिमा बीमाले तोकेको भन्दा सस्तो दररेटमा औषधि बिक्री गर्न कठिन हुने बताउनुभयो। नेपाल औषधि उत्पादक सङ्घ (एपोन) का महासचिव सन्तोष बराल बजार मूल्यको आधारभन्दा सस्तोमा औषधि बिक्री गर्दा नोक्सान हुने बताउनुहुन्छ।

औषधि उत्पादकले थोक बिक्रेतालाई र थोक बिक्रेताले खुद्रा बिक्रेतालाई औषधि बिक्री गर्दछन्। उत्पादक कम्पनीले धेरै मिहिनेत गर्ने हुँदा लागत मूल्य निकै कम हुने औषधिको बजार मूल्य धेरै महँगो हुने गरेको गुनासो आउने गर्दछ। यद्यपी औषधिको नियम र बजार मूल्य सरकारी निकायबाट तय हुने गर्दछ।

---

***पुँजीवादी...***

सिद्धान्तप्रति प्रतिबद्ध हुनु आवश्यक छ भन्नुभयो।

उहाँले भन्नुभयो, "वर्तमान सरकारको पार्टीको विधानमा शोषणरहित समाज बनाउने उल्लेख गरियो भने निर्वाचन वाचापत्रमा आर्थिक उदारीकरण उल्लेख गरियो। आगामी आवको बजेटमा सरकारले गोरखाली रबर उद्योगसमेत सात ओटा सरकारी उद्योग व्यक्तिलाई बेच्ने प्रस्ताव ल्यायो। विधानमा एउटा, निर्वाचन वाचापत्र र बजेटमा अर्को उल्लेख गरिनु पार्टी र सरकारको इमानदारिता होइन।

नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले कार्यकर्ताले जनताको बिचमा रहेर काम गर्नुपर्ने धारणा राख्नुभयो। अन्तरक्रियामा प्रदेश समितिका सदस्यहरूले अध्यक्ष बिजुक्छेसमक्ष जिज्ञासाहरू राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन आयोजक समितिका संयोजक सरोजराज गोसाईले गर्नुभएको थियो।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- ❖ सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- ❖ आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- ❖ घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- ❖ पर्व–उत्सवहरू मिलेर मनाऔं,
- ❖ अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- ❖ संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- ❖ शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं ।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## भक्तपुर नगरपालिकाको लागि आवश्यक कर्मचारीहरू सेवा करारमा लिनेसम्बन्धी सूचना

प्रथम प्रकाशित मिति २०८३/०२/२७ गते

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि देहायबमोजिमका कर्मचारीहरू सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्य तथा इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र आफ्नो नागरिकताको प्रतिलिपि र अन्य आवश्यक कागजातसहित भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएको दर्खास्तउपर कारबाही हुनेछैन। विस्तृत जानकारीको लागि भ.न.पा.को प्रशासन शाखा वा सम्पर्क नं. ६६१३९५७ मा सम्पर्क गर्नुहोला।

| क्र.सं. | पद | स्तर/तह | सङ्ख्या | शैक्षिक योग्यता | छनोटको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हेभी ड्राइभर | श्रेणी विहीन | २ | साधारण लेखपढ | प्रयोगात्मक र अन्तर्वार्ता | हेभी सवारीचालक अनुमतिपत्र प्राप्त |

**१. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू :**

आवेदक स्वयम्ले प्रमाणित गरेको देहायबमोजिमको कागजातको प्रतिलिपिहरू :
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि
- अनुभव भए सोको कागजात प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो प्रतिलिपि
- सवारीचालक अनुमतिपत्रको प्रतिलिपि (म्याद रहेको)

**२. उमेरको हद** : दर्खास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (पुरुषको हकमा) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको (महिलाको हकमा)

**३. दर्खास्त दिने स्थान** : भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा (कोठा नं. १०२)

**४. दर्खास्त दिने अन्तिम मिति** : २०८३/०३/११ गतेसम्म कार्यालय समयभित्र

**५. आवेदनको दस्तुर** : रु.२००/–

**६. दर्खास्त फाराम पाउने स्थान** : भ.न.पा. कर उपशाखा (कोठा नं. ००४)

**७. फाराम दस्तुर** : रु.१००/–

**८. पारिश्रमिक** : नगरपालिकाको नियमानुसार वा नगरपालिकाले तोकेबमोजिम हुनेछ।

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
भ.न.पा २, ब्यासी

## राय सुझाव सङ्कलनसम्बन्धी सूचना

यस नगरपालिकाबाट हरेक नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तर्जुमा र योजना छनोटका लागि नगरबासी बुद्धिजीवी, शिक्षक, मजदुर किसान, महिला, विद्यार्थी, उद्योगी, व्यापारीलगायत सम्बन्धित सबैसँग राय सुझाव सङ्कलन गर्दै आएको सबैमा विदित्तै छ।

यसै सन्दर्भमा यस नगरपालिकाको आगामी आ.व. ०८३/८४ को बजेट तर्जुमा र योजना छनोटको लागि नगरबासीहरूले तपसिलबमोजिमको माध्यममार्फत मिति २०८३ जेठ ३१ गतेभित्र आ-आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गरिदिनुहुन अनुरोध छ।

**तपसिल**

१. इमेल : info@bhaktapurmun.gov.np र bhaktapurmuni@gmail.com मार्फत
२. फेसबुक पेज : Bhaktapur municipality मार्फत
३. सम्बन्धित वडा कार्यालयमार्फत
४. भक्तपुर नगरपालिकाको प्रशासन शाखा (कोठा नं १०२) मार्फत
५. दिइएको QR-Code Scan गरी Google Form मार्फत

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## परीक्षा सञ्चालनसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट सञ्चालन गर्ने आदर निकेतनको लागि आवश्यक सहायकस्तर पाँचौं तह १ जना, ज्येष्ठ नागरिक हेरचाहकर्ता २ जना र हल्का सवारीचालक १ जना पदपूर्ति गर्न मिति २०८३/०१/३१ गते 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम दर्खास्त दिएका आवेदकहरूलाई निम्न मिति, समय र स्थानमा लिखित/प्रयोगात्मक/अन्तर्वार्ता हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद | परीक्षाको किसिम | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | सहायकस्तर पाँचौं तह | लिखित | २०८३ असार ३ गते | बिहान ११:०० बजे | ख्वप ई. कलेज |
| २ | ज्येष्ठ नागरिक हेरचाहकर्ता | अन्तर्वार्ता | २०८३ असार ४ गते | बिहान ७:०० बजे | भ.न.पा. कार्यालय |
| ३ | हल्का सवारी चालक | प्रयोगात्मक | २०८३ असार ४ गते | बिहान ७:०० बजे | महेश्वरी खेल मैदान |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा